सारांशमा भन्दा नागरिकको हित एवम् कल्याणको निमित्त सञ्चालन गरिने विकास क्रियाकलापको तर्जुमा देखि कार्यान्वयन सम्मका योजना चक्रमा सरोकारवाला वर्ग एवम् समुदायको सहभागिता सुनिश्चित गरी उनीहरुलाई विकास प्रक्रियामा सहभागी गराउने र त्यसबाट प्राप्त प्रतिफलको वितरणमा समता तथा समानता झल्काउने कार्य नै विकासमा नागरिक संलग्नता हो ।

**विकासमा नागरिक संलग्नतामा देखिएका समस्याहरू**

★ एकात्मक तथा केन्द्रिकृत सोंच एवम् शासन प्रणालीको विद्यमानताले गर्दा स्थानीय स्तरका समस्या एवम् आवश्यकता तथा नागरिक आवाजलाई विकास कार्यक्रमले सम्बोधन गर्न नसक्नु ।

★ जनतामा आफ्ना अधिकार प्रति चेतनाको अभाव एवम् राजनैतिक तथा उच्च प्रशासनिक नेतृत्वमा विकास निर्माण प्रक्रियामा नागरिकको संलग्नता गराउने प्रतिबद्धताको अभाव ।

★ विकास क्रियाकलापमा नागरिक संलग्नता गराईए पनि सम्भ्रान्त वर्गका नागरिकको मात्र संलग्नता रहनु, सीमान्तवर्गका नागरिकहरूको पहुँच नपुग्नु ।

★ राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र कमजोर हुनु तथा कर्मचारीतन्त्रमा शासकीय मनोवृत्ति कायमै रहनु ।

★ सुशासनका खम्बाहरू पारदशिता नियमितता, सहभागिता, उत्तरदायित्व आदि मध्ये अन्य खम्बाको अवस्था पनि मजबुत नहुनुले सहभागिता समेत ओझेलमा परेको ।

★ के लेखेको छ त्यसमा मात्र ध्यान दिनु अर्थात् प्रक्रियामा जोड दिनु, के भएको छ भन्ने विषय अर्थात् नतिजामा ध्यान नदिनु ।

★ विकासलाई राजनीतिकरण गर्ने प्रवृत्तिका कारण नागरिक संलग्नता राजनीतिक आग्रह, पूर्वाग्रह बाट प्रभावित हुनु ।

★ वर्ग तथा जाती प्रथामा आधारित संरचना विद्यमान हुनु एवम् भाग्यवादी मान्यताको प्रधान्यता रहनु ।

★ विकास प्रक्रियामा भए गरेको संलग्नता पनि केवल श्रममा मात्र (कार्यात्मक) सीमित रहनु । रुपान्तरणमूलक संलग्नता हुन नसक्नु ।

★ लोकतन्त्रको मर्म विपरित लामो समयदेखि स्थानीय निकायहरू जनप्रतिनिधि विहिनताको अवस्थामा रहनु ।

★ नागरिक समाज एवम् गैर सरकारी संगठनहरू दलीय प्रभावबाट मुक्त भई कार्य गर्नुपरेमा दलीय आधारमा विभाजित हुनु ।

★ नागरिक संलग्नताको सम्बन्धमा ऐन, नियम, नीति, आदिमा स्पष्ट व्यवस्था नहुनुका साथै विकास सम्बद्ध योजनाहरूको सञ्चालनमा स्थानीय श्रोत साधन, ज्ञान, सीप र प्रविधिलाई महत्व नदिनु ।

★ निजी विकासका साझेदारहरूमा सामाजिक उत्तरदायित्वको भावना कम हुनु, निजी क्षेत्र नाफामुखी मात्र हुनु ।

**समस्या समाधानका उपायहरू**

★ विकास आयोजनामा नागरिकको सार्थक संलग्नताका लागि उनीहरुलाई आफ्ना हक अधिकार प्रति सचेत बनाई आफ्ना आवश्यकता प्रष्ट रुपमा राख्न सक्ने क्षमताको विकास गर्ने ।

★ Bottom up approach अनुसार आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने तथा Top down approach मा जनसहभागिता परिचालनको उपयुक्त पद्धति स्थापित गर्दै जानुपर्ने ।

★ नागरिक संलग्नताबाट प्राप्त हुने प्रतिफलको उपयोगमा समान पहुँच रहने बारेमा आम नागरिकलाई आश्वस्त तुल्याउँदै कार्यक्रम कार्यान्वयनमा अवसर, पहुँच, परिस्थिति र सहजताको वातावरण सिर्जना गर्ने,

★ लागत कम भएको, छिटो सम्पन्न हुने र बढी प्रतिफल दिने योजना तर्जुमा तथा कार्यान्वयन गरिनुपर्ने ।

★ निर्णय प्रक्रियामा जनताको भावना तथा विचारको सम्मान तथा कदर गरिनुपर्ने ।

★ उपभोक्ताहरूमा जवाफदेहीपूर्ण स्वामित्वको विकास गरी प्रतिफलको उपयोगमा समान पहुँचको सुनिश्चितता गरिनुपर्ने ।

★ स्थानीय श्रोत साधनको प्रयोग, श्रममूलक प्रविधि अवलम्बन र रोजगारकेन्द्रित पद्धति अवलम्बन गरिनुपर्ने ।

★ विकासमा राजनीति गर्ने प्रवृत्तिको अन्त्य गरी नागरिक संलग्नतालाई दलीय राजनीति भन्दा टाढा राख्ने ।

★ विकास निर्माण सम्बन्धी आयोजनाहरूको प्रक्रियात्मक पारदर्शिता, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण संस्थागत व्यवस्था गरिनुपर्ने ।

★ सामाजिक परिचालन र सामुदायिक सशक्तिकरण मार्फत नागरिक समाजलाई सचेत, सक्षम, तुल्याई संगठित रुपमा परिचालित गर्ने ।

★ स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ता प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्ने ।

★ स्थानीय स्वायत्त शासनको सिद्धान्त एवम् नीति अनुरुप जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्नेतर्फ उन्मुख गराउने ।

अन्त्यमा, नेपालमा विकास प्रक्रियामा नागरिक संलग्नताको लागि विभिन्न नीतिगत एवम् संस्थागत व्यवस्था गरिएको भएता पनि सन्तोषजनक रुपमा जनसहभागिता प्रवर्द्धन हुन सकेको छैन । त्यसैले नागरिकलाई सचेत एवम् सक्षम बनाई विकास प्रक्रियामा योगदान गर्न सक्ने तुल्याउनु

Question Bank Nepal

तथा उनीहरूकै स्वामित्व एवम् अपनत्व बोध गराई दिगो विकास हासिल गर्नु आजको हाम्रो आवश्यकता हो ।

**(९) हरित अर्थतन्त्र (Green Economy) भन्नाले केलाई बुझाउँछ ? वातावरणमैत्री विकासका लागि भएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रयासहरू उल्लेख गर्नुहोस् ।**

**हरित अर्थतन्त्र (Green Economy)**

"हरित अर्थतन्त्र : दिगो विकासको मूलमन्त्र" विश्व वातावरण दिवस, २०१२ को नारा

★ नवीकरणीय उर्जामैत्री अर्थतन्त्र अर्थात् वातावरणमुखी अर्थतन्त्रलाई हरित अर्थतन्त्र (Green Economy) भनिन्छ । जुन आर्थिक विकास र पर्यावरणसरुँग सम्बन्धित नवीनतम अवधारणा हो ।

★ नवीकरणीय वा वैकल्पिक उर्जाको प्रयोग मात्र होइन, वस्तु तथा सेवाको उत्पादन, वितरण, उपभोग, भण्डारण र तिनको प्रशोधन जस्ता हरेक प्रक्रियामा न्यून र स्वच्छ तथा वातावरणमैत्री उर्जा स्रोतहरूको प्रयोग नै हरित अर्थतन्त्रको मूल ध्येय हो ।

★ "Green Economy" कुनै बेग्लै विधा वा शास्त्र नभई विकासको एक फरक पद्दति मात्र हो, जसमा सामाजिक, आर्थिक र वातावरणीय आयामहरू समेटिएका हुन्छन् र यसले मूलतः देहायका कुराहरूमा जोड दिएको हुन्छ :-

- विकासका लागि आर्थिक वृद्धि मात्र यथेष्ट हुँदैन, पर्यावरणीय संरक्षण, जलवायु परिवर्तनको अनुकुल र दिगो विकास पनि अपरिहार्य रहन्छ भन्ने अवधारणा हरित अर्थतन्त्रसँग जोडिन्छ ।
- आर्थिक गतिविधिहरू वातावरणमैत्री होउन् भन्ने मान्यता बोकेको हरित अर्थतन्त्रको क्षेत्र अन्तर्गत नवीकरणीय उर्जा, वातावरणमैत्री यातायात, जलस्रोत व्यवस्थापन, पर्यावरण मैत्री भौतिक संरचना, फोहोर मैला व्यवस्थापन, प्रदुषण न्यूनीकरण, भूमि व्यवस्थापन, कृषि क्षेत्रको विकास आदि पर्दछन् ।
- वर्तमान विश्वमा दिगो विकास सन्दर्भमा हरित अर्थतन्त्रको महत्व दिनानुदिन बढ्दै गइरहेको पाइन्छ ।

**वातावरणमैत्री विकासका प्रयास**

**वातावरणमैत्री विकासका लागि अन्तर्राष्ट्रियस्तरमा भएका प्रयासहरू**

★ सन् १९७१ मा संयुक्त राष्ट्र संघले वातावरण र विकासको बारेमा स्वीजरल्याण्डमा एक सेमिनारको आयोजना गरेका ।

★ सन् १९७२ मा स्टकहोममा "मानव तथा वातावरण विषयमा एउटा सम्मेलन" भयो जसमा मानिस, वातावरण र विकास सम्बन्धी घोषणाहरू भएका थिए ।

★ सन् १९७२ मै स्टकहोम सम्मेलन भए लगत्तै राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) को स्थापना भयो र यसैको सक्रियतामा कानूनतः बाध्यकारी हुने तथा नहुने किसिमका विभिन्न वातावरण संरक्षण सम्बन्धी दस्तावेजहरू पारित हुँदै गए ।

★ सन् १९८० मा UNEP द्वारा विश्व संरक्षण रणनीति प्रकाश गरिएको ।

★ सन् १९८३ मा ब्रुटल्याण्ड आयोग गठन गरी सन् १९८७ मा ब्रुटल्याण्ड आयोगले Our Common Future नामक प्रतिवेदन पेश गरेको उक्त प्रतिवेदनले गरिबी निवारण र दिगो विकासलाई एक -अर्कामा अन्योन्याश्रित रहेको पुष्टि गरेको ।

★ सन् १९९२ मा ब्राजिलको राजधानी रियो दि जेनेरियो मा सम्पन्न 'पृथ्वी सम्मेलन (Earth Summit)' ले विश्वव्यापी रुपमा वातावरण संरक्षणका उपायहरूलाई कार्यान्वयन स्तरमा लैजान विभिन्न रणनीतिक कार्यक्रमहरू तय गरेको ।

★ सन् १९९७ मा सन् १९९२ को पृथ्वी सम्मेलन पारित गरेका कार्यक्रमहरूको कार्यान्वयको अवस्थाको समिक्षा गरेको ।

★ सन् २००० मा सहस्राब्दी विकास लक्ष्य जारी गरिएको ।

★ सन् २००२ मा दक्षिण अफ्रिकाको जोहानसवर्गमा सम्पन्न संयुक्त राष्ट्रसंघीय दिगो विकास सम्बन्धी विश्व शिखर सम्मेलनले दिगो विकास कार्यान्वयन योजना पारित गरी विकास र वातावरणबीच सन्तुलनको सार्थक प्रयास गरेको ।

**वातावरणमैत्री विकासका लागि राष्ट्रिय स्तरमा भएका प्रयासहरू**

★ नेपालको संविधान, २०७२ मा राष्ट्रिय हित अनुकूल प्राकृतिक स्रोतको परिचालन गरिने साथै वातावरण संरक्षणका लागि राज्यले प्राथमिकता दिने गरी विभिन्न व्यवस्था गरिएको ।

★ सन् १९९० को दशक पश्चात् विकास कार्यक्रमहरूमा वातावरणीय पक्षलाई पनि सँगसँगै लगेको हाम्रो देशको सन्दर्भमा छैठौं योजनामा पहिलो पटक वातावरण संरक्षण सम्बन्धी प्रावधानहरू समेटिएको ।

Question Bank Nepal

- ★ तेह्रौं आवधिक योजना (२०७०/०७१-२०७२/०७३) मा पनि वातावरण संरक्षण एवम् दिगो विकास सम्बन्धी उद्देश्य र रणनीतिहरू तय भएका ।
- ★ वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ ले वातावरण संरक्षणका सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेको ।
- ★ वार्षिक बजेट तयार गर्दा जलवायु अनुकुलन तथा दिगो विकासमा टेवा पुऱ्याउने योजनाहरूमा जोड दिँदै आइएको ।
- ★ वातावरण प्रभाव मूल्यांकन निर्देशिका, २०५० जारी भई लागू भएको सोही निर्देशिकाको प्रावधान अनुरुप रु. २५ करोड भन्दा बढी रकमको आयोजनाहरू सञ्चालन गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने व्यवस्था गरिएको ।
- ★ वातावरण संरक्षणका खातिर WWF र IUCN को नेपालमा कार्यालय स्थापना भई कार्य गर्दै आएका साथै विभिन्न किसिमका गैर सरकारी संस्थाहरू समेत परिचालित रहेका ।
- ★ वातावरण संरक्षण कोष एवम् जैविक विविधता संरक्षण कोषको स्थापना हुनुका साथै सवारी प्रदुषण मापदण्ड तयार भई कार्यान्वयन भइरहेको ।

## (१०) फोहोरमैलाको परिचय दिँदै यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ? नेपालको कानुनी व्यवस्था समेतको आधारमा स्पष्ट पार्नुहोस् ।

### फोहोरमैलाको अर्थ (Meaning of Waste)

फोहोरमैला (Waste) भन्नाले घरेलु, आर्थिक, सामाजिक, कृषि, औधोगिक लगायतका विभिन्न क्रियाकलापबाट सिर्जित हुने त्यस्ता जैविक तथा अजैविक वस्तुलाई बुझिन्छ, जुन वस्तु सोही रुपमा राखिरहदा वातावरणलाई प्रदुषित गराई मानव स्वास्थ्यलाई नै नकारात्मक असर पुऱ्याउने अवस्था सिर्जना हुन्छ । फोहोरमैला ठोस, तरल, ग्याँस, लेदो, धुँवा, धुलो जुनसुकै रुपमा रहन सक्दछ । जुनसुकै रुपमा रहे पनि यसले वातावरणलाई प्रदुषित गराई राखेको हुन्छ ।

"फोहरमैला व्यवस्थापन ऐन, २०६८" को दफा २ (ण) अनुसार – **"फोहरमैला"** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको ठोस, तरल, ग्याँस, लेदो, धुँवा, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिएको अन्य वस्तु समेतलाई जनाउनेछ" भनी परिभाषा गरेको पाईन्छ ।

फोहोरमैला (Waste) लाई समूचित समयमा प्रशोधन, पुनःचक्रीय प्रयोग लगायतका अन्य उपयुक्त तरीकाले व्यवस्थित गरी वातावरणमैत्री अवस्था सृजना गर्नुपर्दछ, त्यसैलाई नै फोहर मैलाको व्यवस्थापन भन्न सकिन्छ । फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्याँस लगायतका फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागिं आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्नुपर्दछ ।

फोहरमैलाको यथाशक्य उत्पादन कम गरेर, फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाएर, फोहरमैलाको पृथकीकरण गरेर, फोहरमैलालाई श्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याएर कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्दछ ।

### फोहरमैला व्यवस्थापन (Waste Management)

फोहोरमैलाबाट जीवको स्वास्थ्य, प्राकृतिक सुन्दरता र प्राकृतिक सन्तुलनमा नकारात्मक असर नपुगोस् भनी फोहरमैलालाई नियन्त्रणमा लिई स्वस्थ्य वातावरणमैत्री तरीकाले तह लगाउनुलाई फोहरमैला व्यवस्थापन भनिन्छ । विशेष गरी ठोस फोहोरमैला व्यवस्थापनको लागि अपनाइने आधारभूत विधि/तरीका मध्ये 4R (Replace, Reduction, Re-use & Re-cycle) विधिलाई सवैभन्दा उपयुक्त विधिका रुपमा लिईन्छ । फोहरमैलालाई श्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्ने समेत उद्देश्यले ल्याईएको हाम्रो "फोहरमैला व्यवस्थापन ऐन, २०६८" ले समेत यस विधिका मर्महरूलाई कानूनी रुपमा नै अंगिकार गरेको पाईन्छ । फोहोरमैला व्यवस्थापनको लागि अपनाइने 4R विधि/तरीका बारेमा तल संक्षिप्तमा चर्चा गरिएको छ :–

Replace of Waste
↓
Reduction of Waste
↓
Re-use of Waste
↓
Re-cycle of Waste

(१) **फोहरमैलाको स्थानान्तरण (Replace)** कुनै ठाउँमा जम्मा भएर बसेको फोहोरमैलालाई उक्त ठाउँबाट अर्को ठाउँमा सुरक्षित ठाउँमा लगेर थुपार्ने कार्यलाई Replace भनिन्छ । सामान्यतया सहरी ठोस फोहोर मैला

Question Bank Nepal

व्यवस्थापनमा यो विधि प्रयोगमा ल्याइन्छ । घरमा राखिएको dustbin भरिएपछि त्यसलाई नजिकैको dumping site मा लगेर थुपार्नु र dumping site बाट अर्को सुरक्षित स्थानमा लगेर ठोस फोहोरमैला विसर्जन गर्ने प्रक्रिया Replace हो । हाम्रो "फोहरमैला व्यवस्थापन ऐन, २०६८" ले पनि दफा २ मा "कन्टेनर" "ढुवानी" "फोहरमैला सङ्कलन" "सङ्कलन केन्द्र" "स्थानान्तरण केन्द्र" जस्ता शव्दको परिभाषा गर्दै दफा ७ मा फोहरमैलाको निष्काशन, दफा ८ मा फोहरमैला सङ्कलन केन्द्र तोक्ने, दफा ९ मा फोहरमैलाको ढुवानी गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको पाईन्छ ।

(२) **फोहरमैलाको न्यूनीकरण (Reduction)-** फोहोरमैला व्यवस्थापनको लागि अपनाइने 4R विधि/तरीका मध्ये Reduction पनि एक महत्वपूर्ण विधि हो । ठोस फोहोर वस्तुहरू उत्पन्न हुने स्रोतहरूबाटै ठोस फोहोरमैला उत्पादन हुन नदिनु/उत्पादनको मात्रा कम गराउनु नै Reduction हो । यस विधि अनुसार फोहोरमैलाको उत्पादनमा कमी ल्याइन्छ, जसले गर्दा वातावरणमा फोहोरमैला धेरै मात्रामा थुप्रिन पाउँदैन । प्लाष्टिकको प्रयोगमा कमी ल्याउनु, बोतलको प्रयोगमा कमी ल्याउनु, कागज तथा काठको टुक्राहरू जथाभावी नफ्याक्नु Reduction का उदाहरण हुन् । हाम्रो "फोहरमैला व्यवस्थापन ऐन, २०६८" ले पनि दफा २ मा "न्यूनीकरण" शव्दको परिभाषा गर्दै दफा ५ ले फोहरमैलाको उत्पादन यथाशक्य कम गर्नुपर्ने, दफा १० ले स्थानीय निकायले फोहरमैला न्यूनीकरणलाई प्रोत्साहन गर्ने, दफा १४ मा फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने लगायतका कानूनी व्यवस्था गरेको पाईन्छ ।

(३) **फोहरमैलाको पुनःप्रयोग (Re-use) -** फोहोरमैला व्यवस्थापनको लागि अपनाइने 4R विधि/तरीका मध्ये Re-use अति नै महत्वपूर्ण विधि हो । स्रोत र साधनहरू नष्ट नभएसम्म वा काम नलाग्ने भएसम्म बारम्बार प्रयोग गरी राख्नु नै Re-use हो । उदारहणको लागि प्लाष्टिक तथा बोतलको पुनः प्रयोग गरेमा ठोस फोहोरमैलाको उत्पादन कम मात्र हुने होईन की, स्रोत र साधनको खपत पनि कम हुन जान्छ । हाम्रो "फोहरमैला व्यवस्थापन ऐन, २०६८". ले प्रस्तावनामा नै फोहरमैलालाई पुनः प्रयोग समेत गरी गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्ने कुरा उल्लेख गर्दै दफा ५ (२), दफा १०, दफा १४ तथा दफा १५ को उपदफा २ (च) मा Re-use प्रक्रिया सन्दर्भमा विभिन्न व्यवस्था गरेको पाईन्छ ।

(४) **फोहरमैलाको पुनः चक्रीय प्रयोग (Re-cycle)-** विभिन्न स्रोतहरूबाट निस्केको ठोस फोहोर वस्तुहरूलाई सङ्कलन गरी त्यसलाई पुनः निर्माण गरी प्रयोगमा ल्याउनु Re-cycle हो । यस विधिमा पूराना वस्तुहरूलाई प्रशोधन गरी नयाँ वस्तु वा आकार प्रकार दिएर प्रयोगमा ल्याइन्छ ।

हाम्रो "फोहरमैला व्यवस्थापन ऐन, २०६८" ले पनि दफा २ मा "पुनः चक्रीय प्रयोग" शव्दको परिभाषा गर्दै दफा १० ले स्थानीय निकायले फोहरमैलामको पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्ने कुरा, दफा १३ (४) र दफा १४ मा समेत Re-cycle प्रक्रिया सन्दर्भमा विभिन्न व्यवस्था गरेको पाईन्छ ।

काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका हरेक घर, व्यवसाय, शिक्षालय, कार्यालय परिसर आदिबाट उत्पन्न हुने फोहरमैलाको दैनिक व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाई फोहरमैला संकलन, ढुवानी, अन्तिम व्यवस्थापन र सडक तथा सार्वजनिक सडक, चोक, गल्ली, खुला क्षेत्र उद्यान नदी र नदी किनार आदिको सरसफाई कार्यमा सुधार ल्याउने देहाय बमोजिमको निर्देशिका जारी गरिएको काठमाडौं महानगरपालिकाको निर्देशिका २०६८ मा पनि फोहोरमैला व्यवस्थापनको लागि अपनाइने 4R (Replace, Reduction, Re-use & Re-cycle) विधिलाई अंगीकार गरेको पाईन्छ ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ३ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सामाजिक न्यायका दृष्टिकोणहरू र उद्देश्यहरू बारेमा चर्चा गर्दै नेपालको सन्दर्भमा सामाजिक न्यायको हकका लागि लक्षित वर्ग र समुदायको सूची प्रस्तुत गर्नुहोस् ।

(२) नेपालमा सामाजिक एवं सांस्कृतिक रुपान्तरणमा देखिएका समस्याहरू उल्लेख गर्दै ती समस्याहरू समाधानका उपायहरू समेत बुँदागत रुपमा लेख्नुहोस् ।

(३) प्रौढावस्था भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै यस अवस्थाका नागरिकहरूको लागि राज्यको भूमिका के हुनुपर्दछ ? आफ्नो राय व्यक्त गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) आर्थिक विकासका प्रमुख पक्षहरू केके हुन सक्दछन् ? चर्चा गर्दै नेपालको पर्यटन क्षेत्रमा देखिएका समस्याहरू र ती समस्या समाधानका उपायबारे उल्लेख गर्नुहोस् ।

(५) आर्थिक कुटनीति भनेको के हो ? नेपालमा आर्थिक कुटनीतिको प्रयोगमा देखिएका समस्या र चुनौती पहिचान गर्दै समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) दिगो विकासका आयामहरू उल्लेख गर्दै नेपालमा दिगो विकास सन्दर्भमा सामना गर्नुपरेका चुनौतीहरू एवं चुनौतीलाई अवसरमा बदल्ने उपायहरू सुझाउनुहोस् ।

(७) विकास प्रक्रियामा राज्य बाहेकका साझेदारहरू कुन कुन हुन् ? उल्लेख गर्दै विकास प्रक्रियामा गैरसरकारी संस्था, नागरिक समाज र स्थानीय निकायको भूमिका बारे चर्चा गर्नुहोस् ।

(८) समुदायमा आधारित विकास भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै नेपालमा समुदायम आधारित विकासमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू औंल्याउनुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) पारिस्थितिक प्रणाली (Ecosystem) भन्नाले के बुझिन्छ ? पारिस्थितिक प्रणालीको मूलतः कति किसिममा वर्गीकरण गर्ने गरिन्छ ? चर्चा गर्नुहोस् ।

(१०) संकट (Crisis) व्यवस्थापन भन्नाले के बुझ्नु हुन्छ ? संकट सिर्जना हुनुका प्रमुख कारणहरू उल्लेख गर्दै संकट व्यवस्थापनको सन्दर्भमा के के कुरामा विचार पुऱ्याउनु पर्दछ ? लेख्नुहोस् ।

## समाधान

**(१) सामाजिक न्यायका दृष्टिकोणहरू र उद्देश्यहरू बारेमा चर्चा गर्दै नेपालको सन्दर्भमा सामाजिक न्यायको हकका लागि लक्षित वर्ग र समुदायको सूची प्रस्तुत गर्नुहोस् ।**

**सामाजिक न्यायका दृष्टिकोणहरू**

सबै प्रकारका विभेदहरूको अन्त्य गर्दै अपेक्षित, उत्पीडित वा पछाडी परेका वा पारिएका सबै व्यक्ति वर्ग एवं समूहहरूलाई सबै प्रकारका सामाजिक अवसरहरू प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्ने विषय नै सामाजिक न्याय हो । सामाजिक न्याय सम्बन्धी देहायबमोजिमका दृष्टिकोणहरू रहेको पाइन्छ ।

**समानतामा आधारित न्याय/वितरणकारी न्याय**

**समतामा आधारित न्याय/पुर्न वितरणकारी न्याय**

**पुनर्स्थापित न्याय (Restorative justice)**

**(क) Equality base or distributive justice-** सामाजिक न्याय सम्बन्धी यस समानतामा आधारित न्याय/वितरणकारी न्याय सम्बन्धी दृष्टिकोण अनुसार समाजमा जातीय, भाषिक, लैङ्गिक, वर्गीय आदि कुनैपनि आधारमा कुनै प्रकारको भेदभाव नगरी सबैको पहिचान, सम्मान र भूमिका स्थापित गर्ने कुरामा जोड दिएको पाइन्छ । औपचारिक समानताको वकालत गर्ने यस दृष्टिकोणले समान तथा असमान सबैलाई समान व्यवहार गर्ने विषयलाई पक्षपोषण गर्दछ ।

**(ख) Eqlitable or Re-distributive Justice-** समानतामा आधारित न्यायले वास्तविक समानता स्थापना गर्न सक्दैन भन्दै सामाजिक न्याय सम्वन्धि यस समतामा आधारित न्याय पूर्ण वितरणकारी न्याय सम्वन्धि दृष्टिकोणले समान

Question Bank Nepal

बीच समान व्यवहार तथा असमान बीच असमान व्यवहार वाट नै वास्तविक रुपमा सामाजिक न्याय प्राप्त हुने मान्यता राख्दछ । यसले सारवान समानतामा जोड दिंदै सकारात्मक विभेद सहितको समानता नै वास्तविक समानता हो भन्दछ ।

(ग) **Restorative Justice-** विगतमा भएको सामाजिक विभेदका कारण उत्पीडनमा परेका वर्ग तथा समुदायका मानिसहरूलाई त्यस्तो विभेद एवं शोषणवाट मुक्त गराई अन्य मानिस सरह समानता र समताको प्रत्याभूति गर्नु पुर्नस्थापित न्याय (Restorative Justice) हो । उदाहरणको लागि सामाजिक शोषणयुक्त सम्वन्ध को रुपमा रहेका हलिया प्रथा, कमैया तथा कमलरी प्रथाको अन्त्य गर्दै विगतमा ति प्रथावाट शोषणमा परेका मानिसहरू लाई विशेष कार्यक्रम मार्फत समाजमा पूर्नस्थापित गर्ने कामलाई लिन सकिन्छ ।

**सामाजिक न्यायका उद्देश्यहरू**

★ समाजका विभिन्न वर्गलाई साधन स्रोत एवं लाभ र हानीको न्यायोचित वितरण गर्ने ।
★ विद्यमान एवं संभावित सामाजिक द्वन्द्वको अर्थपूर्ण रुपमा समाधान गर्ने ।
★ सामाजिक सुरक्षा, समानता र समाञ्जस्यता प्रवर्द्धन गर्ने ।
★ पिछडिएका वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक र सांस्कृतिक स्तर माथी उकास्ने ।
★ आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापहरूमा नागरिकहरूको सहभागिता वृद्धि गर्ने ।
★ सार्वजनिक कल्याण अभिवृद्धि गर्दै जाने ।
★ राष्ट्र निर्माणको अभियानमा सम्पूर्ण वर्ग, क्षेत्र र समुदायमा नागरिकलाई मूल प्रवाहिकरण गर्ने ।
★ नागरिकको न्युनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने ।
★ मनवीय भावनाको प्रवर्द्धन र विकास गर्ने ।
★ सामाजिक सुरक्षा योजनाको विकास विस्तार र विविधकरण गर्ने ।
★ समानताको सिद्धान्तलाई व्यवहारिक कार्यरुप दिने ।
★ नगरिकहरूको जीवनस्तर माथी उठाउने ।
★ शान्ति, सम्वृद्धि एवं विकास तर्फ समाजलाई उन्मुख गराउने ।
★ सामाजिक समाञ्जस्यताको प्रवर्द्धन गर्दै समतामूलक समाजको स्थापना गर्ने ।
★ सामाजिक विभेद हटाउँदै त्यसवाट उत्पीडनमा परेका वर्ग तथा समुदायलाई पुर्नस्थापीत गराउने आदी ।

**सामाजिक न्याय हकको लागि लक्षित वर्ग र समुदाय**

सामाजिक न्यायको हकको ग्यारेन्टिका लागि लक्षित वर्ग, क्षेत्र र समुदायहरूको पहिचान तथा यसका आधारहरू देशको वस्तुगत अवस्था, उपलब्ध साधन स्रोत र त्यस्तो हक आवश्यक पर्ने व्यक्तिहरूको अवस्था समेतमा निर्भर हुने गर्दछ । हाम्रो सन्दर्भमा भन्नुपर्दा सामाजिक न्याय हकको लागि लक्षित वर्ग र समुदायहरूको सूची देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ –

| सामाजिक न्याय हकको लागि लक्षित वर्ग र समुदाय |
|---|
| (१) महिला समुदाय |
| (२) दलित समुदाय |
| (३) मधेशी समुदाय |
| (४) मुस्लिम समुदाय |
| (५) बालवालिका |
| (६) युवा वर्ग |
| (७) जेष्ठ नागरिक |
| (८) अपाङ्ग व्यक्ति (Disabilities) |
| (९) अल्पसंख्यक तथा सीमान्तकृत समुदाय |
| (१०) आदिवासी, जनजाति समुदाय |
| (११) मजदूर /श्रमजीवि वर्ग |
| (१२) किसान (Farmer) |
| (१३) उत्पीडित/पिछडिएको क्षेत्र |
| (१४) विपन्न वर्ग |
| (१५) लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय |
| (१६) द्वन्द पिडित समुदाय |
| (१७) थारु समुदाय |
| (१८) पिछडा वर्ग |
| (१९) आर्थिक रुपले विपन्न खस आर्य |

यहाँ स्मरणीय छ की पितृसत्तात्मक सामाजिक संरचनाको कारणले महिलाको अवस्था पुरुषको तुलनामा प्रायः सबै क्षेत्रमा कमजोर र विशेष संरक्षण गर्नु पर्ने अवस्था एवं महिलाप्रति हेर्ने हाम्रो सामाजिक दृष्टिकोणमा अझै परिवर्तन आउन नसकेको कारणले गर्दा महिलाहरू सामाजिक न्याय हकको लागि लक्षित वर्ग र समुदायमा पर्दछन् । त्यस्तैगरी माथी उल्लेखित अन्य वर्ग र समुदायमा पनि विभिन्न प्रकृतिका आ–आफ्नै कारण र अवस्थाले गर्दा सामाजिक न्याय हकको लागि लक्षित वर्ग र समुदायमा पर्दछन् ।

**(२) नेपालमा सामाजिक एवं सांस्कृतिक रुपान्तरणमा देखिएका समस्याहरू उल्लेख गर्दै ती समस्याहरू समाधानका उपायहरू समेत बुँदागत रुपमा लेख्नुहोस् ।**

**सामाजिक सांस्कृतिक रूपान्तरणमा देखिएका समस्याहरू**

नेपालमा सामाजिक एवम् सांस्कृतिक रूपान्तरणका लागि धेरै अगाडी देखि नै विभिन्न नीतिगत एवम् कार्यक्रमगत

Question Bank Nepal

प्रयासहरू गरिएका भएतापनि अपेक्षित रुपमा सामाजिक सांस्कृतिक रूपान्तरण हुन सकेको पाइँदैन जसका पछाडि विभिन्न बाधक तत्वहरू रहेको पाइन्छ । हाम्रो सन्दर्भमा सामाजिक सांस्कृतिक रूपान्तरणको क्षेत्रमा देखिएका समस्याहरूलाई छोटकरीमा देहायअनुसार उल्लेख गरिएको छ :–

★ सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि उच्चस्तरीय राजनीतिक एवम् प्रशासनिक प्रतिवद्धताको अभाव ।

★ सामाजिक मूल्य मान्यता एवम् बनौटमा रहेको विविधताले गर्दा सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा जटिलता उत्पन्न गरेको ।

★ अधिकांश ग्रामीण भेग, पिछडिएको क्षेत्र एवम् मधेशी सम्प्रदायमा परम्परावादी, रुढीवादी ग्रस्त सोँच एवम् अन्धविश्वासमा परिवर्तन ल्याउन नसकिनु ।

★ सामाजिक चेतनाको कमीका कारण समाजमा रहेका लैंगिक, जातीय, भाषिक आदि जस्ता विभेदहरू कायमै रहनु ।

★ आफ्नो परिवेश एवम् माटो अनुरुपको सामाजिक परिवर्तन र रूपान्तरणको बाटो अँगाल्ने भन्दा पनि अरुको देखासिकीगर्ने प्रवृत्ति ।

★ कमजोर ऐन एवम् कानूनका कारण शक्ति र पदको आडमा ऐन कानूनहरू मिच्ने प्रवृत्ति रहनु ।

★ सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि राज्यद्वारा गरिएको संस्थागत व्यवस्था सक्षम एवम् प्रभावकारी नहुनु ।

★ सामाजिक तथा आर्थिक रूपान्तरणका लागि राज्य, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सामाजिक संघसंस्था आदिले सचालन गर्ने कार्यक्रममा समन्वयको अभाव ।

★ बुझेर पनि नबुझे जस्तो गर्ने समाजमा रहेको उच्च शिक्षित वर्गको नकारात्मक व्यवहार ।

★ सामाजिक तथा सांस्कृतिक रूपान्तरण सम्बन्धी मुद्दालाई राजनीतिक रुपमा मूलप्रवाहीकरण गर्न नसकिनु ।

★ सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि सानै देखि चेतना वृद्धि गर्ने कार्यका लागि विद्यालयस्तरको शिक्षामा यस्ता विषयहरू पर्याप्त रुपमा समावेश नहुनु आदि ।

**समस्या समाधानका उपायहरू**

★ सामाजिक तथा सांस्कृतिक रूपान्तरण सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्दै यसका लागि राजनीतिक एवम् प्रशासनिक प्रतिवद्धता सुनिश्चित गर्ने ।

★ सामाजिक तथा सांस्कृतिक रूपान्तरणका सकारात्मक प्रभावहरूको व्यापक रुपमा प्रचारप्रसार गरी जनताको मानसिकतामा परिवर्तन ल्याउनें ।

★ सामाजिक एवम् सांस्कृतिक अन्धविश्वास, कुरिती एवम् रुढिवादीको अन्त्यका लागि यस सम्बन्धमा शिक्षाका माध्यमद्वारा चेतना अभिवृद्धि गर्ने ।

★ कानूनको सफल कार्यान्वियनका लागि सक्षम संस्थागत संरचनाको व्यवस्था गर्ने ।

★ परिवर्तनको सुरुवात आफैबाट गर्नुपर्दछ भन्ने मान्यता अनुरुप समाजका पिछडिएका एवम् अशिक्षित वर्गका लागि विश्वास जगाउन शिक्षित वर्गबाट सकारात्मक व्यवहारको सुरुवात गर्ने ।

★ Social Mobilization मार्फत सामाजिक रूपान्तरणका लागि सरकारी निजी, सामुदायिक तहवाट आवश्यक पहलहरू गर्ने ।

★ लोकतान्त्रिक मूल्य एवं मान्यताहरूलाई अंगाल्दै सामाजिक न्याय र सम्भावनालाई जोड दिनुपर्ने ।

★ आर्थिक रुपमा सक्षम नभएसम्म सामाजिक तथा सांस्कृतिक रूपान्तरण हुन नसक्ने हुँदा समाजमा विद्यमान गरिवी एवं वेरोजगारको अवस्थामा अनुभूत हुनसक्ने गरी सुधार ल्याउनु पर्ने ।

★ सामाजिक रूपान्तरणका नाममा विदेशी संस्कृति एवम् अभ्यासहरूको देखासिखीमात्र नगरी माटो सुहाउँदो अभ्यासको अनुसरण गर्नुपर्ने ।

★ सामाजिक, सांस्कृतिक रूपान्तरणका लागि सरकार, निजीक्षेत्र, गैरसरकारी क्षेत्र एवम् सामाजिक संस्थाहरूको समन्वयमूलक तरिकाले कार्यक्रम सञ्चालन गर्ने आदि ।

अन्त्यमा समाजमा स्थापित मूल्य मान्यता, परम्परा, रहनसहन, भेषभूषा, रितीरिवाज, शैलि, व्यवहार जस्ता कुराहरू एउटा ढाँचा वा पद्धतिवाट अर्को ढाँचा वा पद्धतिमा रूपान्तरण हुने प्रक्रियालाई सामाजिक एवं सांस्कृतिक रूपान्तरण भनिन्छ । सांस्कृतिक एवम् सामाजिक रूपान्तरण देशको समग्र विकासको परिचायक पनि हो । त्यसैले विश्वव्यापिकरण एवम् औद्योगीकिकरणका लाभहरूलाई प्राप्त गर्नका लागि सामाजिक एवम् सांस्कृतिक रूपान्तरण गर्नु आजको हाम्रो आवश्यकता हो ।

**(३) प्रौढावस्था भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै यस अवस्थाका नागरिकहरूको लागि राज्यको भूमिका के हुनुपर्दछ ? आफ्नो राय व्यक्त गर्नुहोस् ।**

**प्रौढावस्था (Adulthood)**

मानवले पूर्ण शारिरीक एवम् मानसिक परिपक्वता प्राप्त गरेको अवस्थादेखि मानव जीवन प्रक्रियाको अन्तिम अवस्थासम्मलाई प्रौढावस्था (Adulthood) भनिन्छ । प्रौढावस्थाले किशोरावस्था पार गरिसकेपछिको मानव जीवनको सम्पूर्ण उमेरलाई समेट्दछ ।

पूर्ण परिपक्वताको अवस्था पनि भनिने यस अवस्थामा मानवमा हुने जतिको आकार र शक्तीमा पूर्ण वृद्धि भइसकेको

Question Bank Nepal

हुन्छ । यस अवस्थामा समायोजन, सामाजिकीकरण र स्वतन्त्रता पूर्वक जीवन निर्वाह गर्ने जस्ता सम्पूर्ण सामाजिक सीपहरूको पूर्ण विकास भईसकेको हुन्छ ।

आहार, व्यवहार, वंशानुगत तथा विभिन्न वातावरण एवम् देश परिस्थिति अनुसार मानव जीवन प्रक्रियामा विभिन्न भिन्नता देखिएको वा देखिने हुँदा उमेरका आधारमा मानव जीवन प्रक्रियाका प्रौढावस्था लगायतका अवस्थाहरूको यकिन गर्न निरन्तर रुपमा विभिन्न अध्ययनहरू हुँदै आएको पाईन्छ । यसै कममा मनोवैज्ञानिक Hurlock ले प्रौढावस्थालाई देहाय बमोजिमका तीन उप-अवस्थाहरुमा वर्गिकरण गरेको पाईन्छ ।

| प्रौढावस्था (Adulthood) | | |
|---|---|---|
| (क) पूर्व - प्रौढावस्था (Early Adulthood) | १८ देखी ४० वर्षको उमेर | पूर्व-प्रौढावस्था मानिसको जीवनको त्यस्तो अवस्था हो, जुन अवस्थामा मानिससँग साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण आर्थिक, सामाजिक, राजनैतिक, संस्कृतिक रूपान्तरण गर्न सक्षम हुन्छ । |
| (ख) मध्य - प्रौढावस्था (Middle Adulthood or Middle Age) | ४० वर्ष देखि ६० वर्षको उमेर | मानव विकासको क्रममा सबैभन्दा लामो अवस्था मानिने मध्य-प्रौढावस्थामा अधिकांश व्यक्तिका पाचन अंगहरूमा ह्रास आउन थाल्ने हुदा विभिन्न प्रकारका रोगव्याधी लागि मानिसहरू शारिरीक परिपक्वताबाट गिर्दो रुपमा देखिन्छन् । |
| (ग) उत्तर - प्रौढावस्था (Late Adulthood or old Age) | ६० वर्ष देखि माथिको उमेर | वृद्धावस्था/आत्मात्मिकताको अवस्था पनि भनिने उत्तर - प्रौढावस्था जीवन प्रक्रियाको अन्तिम अवस्था हो । यो अवस्था शारिरीक, मानसिक एवम् संवेगात्मक सबै दृष्टिकोणबाट गिर्दो अवस्था हो । |

मानव जीवनको १८ वर्षको उमेर देखी जीवन अन्त्यसम्मको अवस्था अर्थात सम्पुर्ण प्रौढावस्थाका विशेषताहरूलाई देहायनुसारका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ –

- ★ प्रौढावस्था गिर्दो उमेर हो । (Adulthood is the setting down age.)
- ★ अधिकांश प्रौढावस्था प्रजननको उमेर हो । (Adulthood is the reproductive age .)
- ★ प्रौढावस्था संवेगात्मक तनावको अवस्था हो । (Adulthood is a time of emotion tension.)
- ★ प्रौढावस्था वचनवद्ध हुने अवस्था हो । (Adulthood is a time of commitment.)
- ★ प्रौढावस्था आश्रित अवस्था हो । (Adulthood is often a period of dependency.)
- ★ प्रौढावस्था एउटा समस्यामूलक उमेर हो । (Adulthood is a problem age.)
- ★ प्रौढावस्था मूल्य परिवर्तनको समय हो । (Adulthood is time of value change.)
- ★ प्रौढावस्था सिर्जनात्मक उमेर हो । (Adulthood is a creative age.)

**प्रौढावस्थाका नागरिकहरूको लागि राज्यको भूमिका**

जनसंख्या एवं मनोविज्ञानका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका विभिन्न विद्वानहरुले गरेको वर्गीकरण एवम् अन्तर्राष्ट्रिय प्रचलन अनुसार प्रौढावस्था अवस्थाका देहाय अनुसारका विभिन्न चरणमा गुज्रिरहेका प्रौढावस्थाका नागरिकहरू प्रति राज्यको फरक फरक भूमिका रहने देखिन्छ जसलाई देहाय बमोजिम व्यक्त गर्न सकिन्छ :-

**(क) पूर्व-प्रौढावस्था (Early Adulthood)**

अन्तर्राष्ट्रिय प्रचलन अनुसार १८ देखी ४० वर्षको उमेर समूहको र नेपालको सन्दर्भमा १५ देखि ३९ वर्ष उमेर समूहको प्रौढावस्थालाई यस अन्तर्गत राख्न सकिन्छ । शारीरिक एवम् मानसिक रुपले आर्थिक उपार्जन एवम् विकास निर्माणका कार्यमा क्रियाशील रुपमा संलग्न रही देशमा सामाजिक, आर्थिक एवम् राजनैतिक रूपान्तरण गर्न सक्ने सामर्थ्य राख्ने जनशक्ति हो, पूर्व-प्रौढावस्थाका नागरिकहरू । यस अवस्थाका नागरिकहरू प्रति रहनु पर्ने राज्यको भूमिकालाई देहायका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ –

- ★ देशको समृद्धि , आर्थिक विकास एवम् समग्र राष्ट्रिय विकासमा युवाहरूको भूमिका र सम्भाव्यताहरूको विकास र विस्तार गनुपर्ने ।
- ★ युवाहरूलाई राष्ट्र एवम् राष्ट्रियता र जनता तथा संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउदै उत्तरदायित्व र जवाफदेहिताको भावनामा वृद्धि गराउने ।
- ★ यस अवस्थाका युवा नागरिकहरूमा सिर्जनशिलता, उद्यमशिलता र Innovative क्षमताको विकास गरी विकासको आधारभूत शक्तिको रुपमा विकास गर्ने र उनीहरूमा रहेको अन्तर्निहित क्षमता उजागर गर्ने वातावरणको सृजना गर्ने ।
- ★ श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवाहरूको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त नैतिकवान सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रुपमा दक्ष युवा तयार गर्ने ।
- ★ युवाहरूका आधारभूत अधिकारहरूलाई सुनिश्चित गर्दै उत्पादनशिल स्रोतहरूमा युवा वर्गको पहुचलाई वृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक एवम्

Question Bank Nepal

संस्कृतिक क्षेत्रमा सबै तहका नीति निर्माण निर्णय एवम् कार्यान्वयन प्रक्रियामा लैंगिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताको माध्यमबाट युवाहरूको नेतृत्व विकास गर्ने ।

★ शिक्षा आर्जनको क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाहरूको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्तिक एवम् सामाजिक विकासमा सघाउ पुऱ्याउने ।

★ महिला, आदिवासी, जनजाति, दलित, मधेशी एवम् पिछडिएको क्षेत्रमा पूर्व-प्रौढावस्थाका युवाहरूलाई सकारात्मक विभेदको माध्यमबाट सशक्तिकरण गरी विकासको मुल प्रवाहामा ल्याउने ।

**(ख) मध्य प्रौढावस्था (Middle Adulthood)**

उच्चतम संवेगात्मक विचार र जोशको मात्रामा कमी आइसकेका तर सुझबुझपूर्ण तरिकाले राष्ट्रका लागि केही गर्नु पर्दछ भन्ने भावना बाँकी नै रहेको ४० वर्ष देखि ६० वर्ष सम्मको उमेर अवस्थालाई मध्य प्रौढावस्था भनिन्छ । यो अवस्था मानव विकासको क्रममा सबैभन्दा लामो र शारीरिक परिपक्वताबाट गिर्दो अवस्था समेत भएकाले यस्तो अवस्थाका जनशक्तिको स्वास्थ्यमा विशेष ख्याल राख्दै उनीहरूको विज्ञताबाट राष्ट्र हित गर्नेतर्फ राज्यले विशेष भूमिका खेल्नुपर्ने हुन्छ, जसलाई संक्षिप्तमा देहाय अनुसार व्यक्त गर्न सकिन्छ :-

★ यस अवस्थाका नागरिकले राष्ट्रको दीर्घकालीन हितलाई सोचेर कार्य गर्न सक्ने सामर्थ्य राख्ने हुनाले दीर्घकालीन प्रभाव पार्ने खालका नीतिगत निर्णयमा सहभागी गराई राष्ट्रहित प्रवर्द्धन गर्ने ।

★ शारीरिक रुपमा कमजोरीतर्फ धकेलिएको अवस्था हुनाले स्वास्थ्य सेवामा विशेष व्यवस्था गरी उनीहरूलाई राष्ट्रहितमा योगदान पुऱ्याउन सक्ने अवस्थामा टिकाइ राख्ने ।

★ सम्पादन गरेका कार्यका लागि उच्च सम्मान दर्शाउँदै शारीरिक रुपमा गर्नुपर्ने काम भन्दा पनि मानसिक रुपमा सम्पादन गर्नुपर्ने परामर्श दातृ काममा अवसर दिनुपर्ने ।

★ यस प्रौढावस्था व्यक्ति स्वयंले आफूले विगतमा गरेका कार्यहरूको मूल्यांकन गर्ने अवस्था भएकोले राज्यले उसका विगतका कार्यहरू/प्रयासहरूलाई महत्व र सम्मान दिएको आभाष दिलाउन सक्नु पर्दछ ताकि व्यक्तिलाई भविष्यमा पनि केही गर्ने उत्प्रेरणा जागृत होओस् ।

★ मध्य-प्रौढावस्थामा व्यक्तिले चुनौतीपूर्ण एवम् उपलब्धि-मूलक कार्य गर्ने चाहना राख्ने हुनाले चुनौतीपूर्ण कार्य गर्ने अवसर दिलाउन राज्यले भूमिका खेल्नुपर्दछ ।

★ विदेश अध्ययन एवम् भ्रमणको अवसर प्रदान गर्नु सक्नुपर्दछ ताकि विदेशमा भएका राम्रा अभ्यासलाई स्वदेशमा भित्र्याई कार्यान्वयनमा ल्याउन सकून् ।

**(ग) उत्तर -प्रौढावस्था (Late Adulthood /old Age)**

शारीरिक रुपले कार्य गर्न अशक्त एवम् मनोवैज्ञानिक तवरले पनि शिथिल र कमजोर हुँदै गएको ६० वर्ष देखि माथिको उमेरलाई वृद्धा अवस्था भनेर पनि बुझिन्छ । नकारात्मक संवेदना बढी आउने यस अवस्थाका नागरिकका लागि राज्यको समानात्मक, संरक्षणात्मक र सुरक्षात्मक भूमिका आवश्यक पर्ने गर्दछ । यस अवस्थामा आवश्यक पर्ने राज्यको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

★ यस अवस्थामा प्रवेश गरिसकेपछि व्यक्तिमा स्वास्थ्य समस्या बढी आउने हुनाले स्वास्थ्य सेवामा छुट तथा निःशुल्क औषधी उपचारको व्यवस्था मिलाउनुपर्दछ ।

★ यस अवस्थाका व्यक्तिमा नकारात्मक मनोविज्ञान देखिने हुँदा उनीहरूलाई प्रफुल्ल रुपमा बाँकी जीवनयापनका लागि जेष्ठ नागरिक मिलान केन्द्र एवम् पुस्तकालयको व्यवस्था गर्ने ।

★ I am retired but not tired भन्ने भावना भएका अझ केही गरौं भन्ने खालका व्यक्तिहरूका लागि उनीहरूको क्षमता अनुसार कार्य गर्ने वातावरण सिर्जना गर्ने ।

★ समय समयमा पूर्व कर्मचारी एवम् जेष्ठ नागरिक सम्मेलन आयोजना गरी राष्ट्रिय महत्व/सार्वजनिक सरोकारका विषयमा उनीहरूको सझाव लिने ।

★ यस अवस्थाका मानिसहरूमा धार्मिक स्थल भ्रमणको चाहना बढि हुने भएकाले राज्यले आफ्नै पहलमा विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक स्थलहरूको धार्मिक पर्यटनको व्यवस्था मिलाउने ।

★ सार्वजनिक स्थलमा जेष्ठ नागरिकहरूका लागि छुट्टै आश्रय स्थल एवम् सार्वजनिक यातायातमा विशेष छुटको व्यवस्था मिलाउने आदि ।

**(४) आर्थिक विकासका प्रमुख पक्षहरू केके हुन सक्दछन् ? चर्चा गर्दै नेपालको पर्यटन क्षेत्रमा देखिएका समस्याहरू र ती समस्या समाधानका उपायबारे उल्लेख गर्नुहोस् ।**

Question Bank Nepal

## आर्थिक विकास प्रमुख पक्षहरू

आर्थिक विकासका पक्षहरू सबै राष्ट्का लागि एकै किसिमका नहुन पनि सक्दछन् । यिनीहरू देशको भौगोलिक अवस्था, अर्थतन्त्रको अवस्था एवम् विकासको अवस्था अनुसार फरक फरक हुने गर्दछन् । हाम्रो देशको सन्दर्भमा भने आर्थिक विकासका प्रमुख पक्षहरू देहाय बमोजिम हुन सक्दछन् :-

### *(१) कृषि (Agriculture)*

नेपालको अर्थतन्त्रलाई कृषि प्रधान अर्थतन्त्र भनिन्छ । नेपालको जनगणना २०६८ अनुसार कृषि क्षेत्रमा ७३% जनताहरू निर्भर रहेको देखिन्छ । हाम्रो सन्दर्भमा भन्दा कृषि रोजगारीको मुख्य आधार समेत हो र यो एक पुर्ख्यौली (Inherit) पेशाको रुपमा पनि रहेको छ । नेपाल कृषि प्रधान देश भनिएता पनि ७३% जनता आश्रित भएको कृषि क्षेत्रको GDP मा ३५% को मात्र योगदान दिन सक्नुले हाम्रो कृषि क्षेत्र परम्परागत खेती प्रणालीबाटै गुज्रिरहेको भन्न सकिन्छ । कृषि क्षेत्रका माध्यमबाट आर्थिक विकास गर्ने हो भने सो क्षेत्रमा व्यावसायिकताको विकास हुने गरी सरकारले कृषि पूर्वाधार पर्याप्त मात्रामा निर्माण गर्नुका साथसाथै कृषिको विविधीकरणलाई जोड दिनु आवश्यक छ ।

### *(२) उद्योग (Industry)*

उद्योग भन्नाले सीप, श्रोत र साधनको प्रयोग गरी सानो वा ठूलो परिमाणमा वस्तुहरू उत्पादन गर्ने कार्यलाई बुझिन्छ । कुनै पनि देशको औद्योगिक विकास त्यस देशको आर्थिक विकासको लागि दिगो र भरदर्पो आधार हो । उद्योग क्षेत्र विकसित तथा औद्योगिक राष्ट्रहरूमा अर्थतन्त्रको मेरुदण्डकै रुपमा रहेको हुन्छ । Developed Country मा GDP को ठूलो हिस्सा उद्योग क्षेत्रले ओगटेको हुन्छ तर हाम्रो देशमा उद्योग क्षेत्रले GDP को ७% हिस्सा मात्र ओगटेको देखिन्छ जुन अत्यन्तै न्यून हो । देशको ग्रामीण तथा शहरी क्षेत्रमा स्थानीय श्रोतमा आधारित उद्योगको स्थापना गर्दै औद्योगिक क्षेत्रहरूको विकास गरी राष्ट्लाई औद्योगिकीकरणद्वारा रोजगारी सिर्जना गरी गरिबी घटाउनु वर्तमानको आवश्यकता हो ।

### *(३) व्यापार (Trade)*

व्यापारको विकासले नै लगानी र उत्पादनलाई प्रोत्साहन गर्ने हुनाले यसलाई आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रुपमा लिइन्छ । व्यापार भन्नाले दैनिक उपभोगका लागि वा औद्योगिक प्रयोजनका लागि एक ठाउँ वा क्षेत्रबाट अर्को ठाउँ वा क्षेत्रमा हुने वस्तु तथा सेवाको विनिमय, ओसारपसार एवम् आयात निर्यात जस्ता कार्यहरूको संयोजनलाई बुझिन्छ । नेपालको व्यापार क्षेत्र राष्ट्रिय अर्थतन्त्रमा मूल प्रवाहीकरण हुन सकेको छैन । आयातको तुलनामा निर्यात कम भई व्यापार घाटा वर्षेनी बढ्दै गएको छ । त्यसैले व्यापारलाई आर्थिक विकासको सम्वाहकका रुपमा मूलप्रवाहीकरण गर्दै स्वदेशी उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउने दिशामा राज्यले ध्यानकेन्द्रित गर्न आवश्यक भइसकेको छ ।

### *(४) पर्यटन क्षेत्र (Tourism)*

भौगोलिक, प्राकृतिक एवम् सांस्कृतिक विविधताले गर्दा नेपालमा पर्यटनको सम्भाव्यता अत्याधिक रहेको छ त्यसैले नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्र comparative benefits को क्षेत्र हो भन्न सकिन्छ । विश्वभर तीव्र गतिमा फस्टाइरहेको पर्यटन उद्योग विश्वको दोस्रो ठूलो उद्योगको रुपमा रहेको छ । नेपालको अर्थतन्त्रमा पनि पर्यटन क्षेत्रको योगदान बढ्दै गइरहेको देखिन्छ । यो योगदानलाई अझ वृद्धि गर्न एवम् दीर्घकालसम्म पर्यटन क्षेत्रको विकास एवम् स्थायित्वका लागि नयाँ पर्यटकीय गन्तव्यको पहिचान तथा पूर्वाधारको विकास गर्नु जरुरी छ ।

### *(५) वैदेशिक रोजगार (Foreign Employment)*

Globalization को सकारात्मक प्रभावको प्रतिफलको रुपमा रहेको वैदेशिक व्यापार आर्थिक विकासको महत्वपूर्ण आयामको रुपमा रहेको छ । खास गरी नेपाल जस्तो विकासोन्मुख अर्थव्यवस्था भएको मुलुकहरूमा यसले सकारात्मक प्रभाव पारेको हुन्छ । विगत केही वर्ष देखि वैदेशिक रोजगारीका लागि नयाँ नयाँ गन्तव्य मुलुकहरू देखा परिरहेका छन् । हाम्रो सन्दर्भमा स्वदेशमा आवश्यकता अनुसार रोजगारीका अवसरहरू सिर्जना नहुन्जेल सम्मका लागि वैदेशिक रोजगारीलाई पूर्ण रुपमा सदुपयोग गरी कामदारको हक हित संरक्षण गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धीमूलक बनाउनु अत्यावश्यक छ ।

### *(६) मानव संसाधन (Human Resource)*

संसारमा उपलब्ध विभिन्न साधनहरू मध्ये मानव साधनमात्र त्यस्तो साधन हो जुन आफै क्रियाशील एवम् सक्रिय हुन्छ र अन्य साधनहरूलाई समेत परिचालन गरी क्रियाशील बनाउँछ । देशमा विद्यमान गरिबी हटाउन र उच्च आर्थिक वृद्धिदर हासिल गर्न क्षमतावान् एवम् उच्च मनोबल युक्त मानव संसाधनको आवश्यकता पर्दछ । नेपालमा मानव संसाधन विकासको औपचारिक शुरुवात भने प्रथम पञ्चवर्षीय योजनामा समेटिएबाट भएको हो । Globalization का कारण सक्षम र उत्कृष्ट मानव साधन

Question Bank Nepal

अवसरको खोजीमा धनी र विकसित राष्ट्रमा पलायन भइरहेको अवस्थामा त्यसलाई रोक्नका लागि आवश्यक कदम चाल्न ढिलाई भइसकेको छ ।

**पर्यटन क्षेत्रमा देखिएका समस्याहरू र समाधानका उपायहरू**

नेपालको भौगोलिक, प्राकृतिक तथा सांस्कृतिक विविधता एवम् ऐतिहासिक घरोहरका कारण नेपाल पर्यटकीय गन्तव्यका रुपमा रहेको छ । नेपालको आर्थिक विकासको लागि पर्यटन Comparative Benefits को क्षेत्र हो । आज विश्वभर तीव्र गतिमा वृद्धि भइरहेको पर्यटन क्षेत्र विश्वको दोस्रो ठूलो उद्योग हो । पर्यटनको विकास र विस्तार गर्न सकेमा विश्वमा नेपाललाई प्राकृतिक एवम् सांस्कृतिक स्रोतले धनी देशको रुपमा चित्रित गर्न सकिन्छ । त्यसैले देशभर छरिएर रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको स्थानीय समुदाय तथा निजी क्षेत्र समेतको सहभागितामा व्यवस्थापन गर्न सकेमा यस क्षेत्रबाट लाभ लिन सकिन्छ । यति सम्भावना हुँदा हुँदै पनि नेपालको पर्यटन क्षेत्रमा देहायबमोजिमका समस्याहरू रहेका छन् :–

★ योजनाबद्ध एवम् व्यवस्थित पर्यटनको अभावमा पर्यटकीय स्थलहरू फोहरद्वारा पुरिने अवस्थामा पुगेका छन् ।
★ पर्याप्त प्रचार प्रसार एवम् सूचनाको अभाव र सहज हवाई सेवाको असुविधाका कारण पर्यटकलाई आकर्षण गर्न नसकिनु ।
★ पर्यटनको माध्यमद्वारा विश्वमा देशको मौलिक संस्कृतिको प्रचार प्रसारको तुलनामा विदेशी खुलापन र छाडापनको अस्वाभाविक नक्कल गर्दा सामाजिक सांस्कृतिक रुपमा विकृति आएको छ ।
★ पर्यटनलाई सन्तुलित किसिमले देशभर विस्तार गर्न नसकिएको ।
★ पर्यटकीय उत्पादनहरूमा विविधिकरण गर्न नसकिएको कारण पर्यटकको उपभोगबाट प्राप्त गर्ने लाभलाई आशातित रुपमा प्राप्त गर्न नसकिनु ।
★ पर्यटन सूचना प्रणालीलाई व्यवस्थित गर्न नसक्दा विदेशी पर्यटकहरूलाई उपलब्ध गराइने सेवा तथा सुविधाहरूको बारेमा पर्याप्त सूचना प्रवाह गर्न नसकिएको ।
★ यथेष्ट स्रोत साधनको अभावले सम्पदा संरक्षण गर्ने कार्य प्रभावकारी हुन नसकेको साथै द्वन्द्वकालमा क्षतिग्रस्त पूर्वाधारको पुनः निर्माण हुन नसकेको ।
★ वि.सं. २०७२ वैशाखमा आएको विनासकारी भूकम्पबाट क्षतिग्रस्त पर्यटकीय पूर्वाधारहरुको पुनर्निर्माण गर्न नसकिनु,
★ विनासकारी भूकम्पबाट प्राकृतिक एवम् सांस्कृतिक पर्यटकीय स्थलमा अपुरणीय क्षति पुग्नु,
★ पूर्वाधार निर्माणमा संलग्न निकायहरूबीच समन्वय स्थापना गर्न नसकिनु आदि ।

**समस्या समाधानका उपायहरू**

★ योजनाबद्ध पूर्वाधार विकासका माध्यमबाट नेपाललाई विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्ने ।
★ नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको पहिचान गरी सो क्षेत्रमा पूर्वाधार विकासका माध्यमबाट पर्यटन उद्योगलाई सीमित क्षेत्रमा मात्र केन्द्रित हुन नदिई देशव्यापी बनाउने ।
★ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धनात्मक कार्यक्रमहरू मार्फत पर्यटकहरूको भित्रिने संख्या र उनीहरूको बसाईमा वृद्धि ल्याउने ।
★ निजी क्षेत्र एवम् गैर आवासीय नेपालीहरूको सहयोगमा पर्यटन क्षेत्रको विविधिकरण र विस्तार एवम् विकास गर्ने ।
★ पर्यटकीय स्थल एवम् सांस्कृतिक सम्पदाको संरक्षण तथा पुनर्निर्माणका लागि पर्याप्त श्रोतको व्यवस्था गर्ने ।
★ आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने आदि ।

**(५) आर्थिक कुटनीति भनेको के हो ? नेपालमा आर्थिक कुटनीतिको प्रयोगमा देखिएका समस्या र चुनौती पहिचान गर्दै समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।**

**आर्थिक कुटनीति (Economic diplomacy)**

कुनै पनि देशको सरकार, निजी क्षेत्र वा बाह्य क्षेत्रसँग कुटनीतिक सम्बन्ध एवम् समन्वय स्थापित गरी देशको हितमा औद्योगिक व्यापारिक लगायतका आर्थिक विकासका क्रियाकलाप सञ्चालन गर्नु नै आर्थिक कुटनीति हो ।

विश्वव्यापीकरणको बढ्दो प्रभाव स्वरुप राष्ट्रहरू राजनीतिक, प्राविधिक एवम् आर्थिक क्षेत्रमा समेत अन्तरनिर्भर हुँदै गइरहेका छन् । आर्थिक कुटनीतिले यस्तो अन्तरनिर्भरताको लाभ विकसित देशले मात्र प्राप्त नगरेर अविकसित देशले समेत लिन सक्नुपर्ने मान्यता राख्दछ । विदेशी राष्ट्रहरू एवम् गैर सरकारी क्षेत्रहरूसँग असल आपसी सम्बन्ध कायम राख्दै आफ्नो देशले आर्थिक लाभ प्राप्त गर्ने तरिकाले अवलम्बन गरिने नीतिगत एवम् कार्यगत प्रयासलाई आर्थिक कुटनीतिले सम्बोधन गर्दछ ।

आर्थिक कुटनीतिलाई सामान्य बुझाईमा वैदेशिक सहयोग (अनुदान वा ऋण) प्राप्त गर्ने माध्यमको रुपमा मात्र पनि बुझिएको पाइन्छ तर यथार्थमा आर्थिक कुटनीति भन्नाले वैदेशिक सहयोग प्राप्त गर्नु मात्र नभएर बाह्य क्षेत्रसँग असल सम्बन्ध कायम राख्दै बुद्धिमानीपूर्ण ढंगले आफ्नो निर्यात

Question Bank Nepal

व्यापारमा वृद्धि गर्नु, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनु, प्राप्त वैदेशिक सहायताको उचित परिचलन गर्नु, सम्मानपूर्ण किसिमको वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु एवम् देशको पर्यटन प्रवर्द्धन गर्नुलाई लिन सकिन्छ ।

परम्परागत अवधारणा अनुसार कुटनीति भन्नाले राजनीतिक विषयसँग मात्र सम्बन्धित मानिन्थ्यो भने आधुनिक अवधारणाले कुटनीति अन्तर्गत राजनीतिक लगायत मुलुकको आर्थिक सम्वृद्धि र छवी उच्च राख्ने कार्यहरूलाई समेत समेटेको पाइन्छ । देशको सरकार एवम् विदेशी कुटनीतिक नियोग बाहेक निजी क्षेत्र समेतको परिचालनबाट मुलुकको आर्थिक अभिवृद्धि गर्न आर्थिक कुटनीतिलाई गति दिने काम गरिन्छ ।

एक देशले अर्को देशसँग विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्दा आफ्नो देशको आर्थिक हितमा ध्यान दिने कुरा पनि आर्थिक कुटनीति अन्तर्गत नै पर्दछ । छोटकरीमा भन्दा आर्थिक कुटनीति वार्ता एवम् छलफलको माध्यमबाट मुलुकको आर्थिक वृद्धि एवम् विकास र रुपान्तरणका लागि अन्य पक्षलाई सहमत गराउने एउटा प्रक्रिया हो ।

**आर्थिक कुटनीतिको क्षेत्रमा देखिएका समस्या/चुनौतीहरू**

★ हाम्रा लागि आर्थिक कुटनीति भनेको वैदेशिक सहायता वा वैदेशिक व्यापारमा वृद्धि वा नेपाली कामदारको निम्ति थप रोजगारी सिर्जना वा सम्पूर्ण पक्ष मध्ये कुन हो भन्ने बारेमा हामी नै पूर्णतया जानकार वा स्पष्ट नहुनु आर्थिक कुटनीति क्षेत्रको हाम्रो सबैभन्दा प्रमुख समस्या हो ।

★ नेपाल भित्र लगानीको उचित वातावरण नभएको कारण भित्रिएको लगानी समेत फिर्ता भई रहेको अवस्थामा विदेशी लगानी बढाउनु आफैमा कठिन छ ।

★ नेपाली वस्तु वा सेवाको प्रतिस्पर्धात्मक क्षमता कमजोर भएका कारण निर्यात व्यापार वृद्धि गर्ने समस्या एवम् चुनौती रहेको छ ।

★ आर्थिक कुटनीतिले समेट्ने विषयवस्तु र सो सम्बन्धी प्रावधानबारे प्रष्ट vision सहितको एकिकृत राष्ट्रिय रणनीतिको अभाव रहेको छ ।

★ नेपालको सीमित देशहरूमा मात्र कुटनीतिक नियोग रहेको र ती कुटनीतिक नियोगहरूमा पनि पर्याप्त श्रोत साधनको कमी एवम् सीमित जनशक्ति र विषयवस्तुको कम ज्ञानले गर्दा सम्पूर्ण क्षेत्रमा पहुँच कायम गर्न कठिनाई ।

★ आर्थिक कुटनीति निर्माणमा निजी क्षेत्रको प्रभावकारी सहभागिता नहुनु र आर्थिक कुटनीतिले आवश्यकता अनुसार प्राथमिकता पाउन नसकेको ।

★ आर्थिक कुटनीतिको सम्बन्धमा कुटनैतिक नियोग एवम् अन्य मन्त्रालय तथा निजी क्षेत्रसँग समन्वय गरी राष्ट्र हित अनुकुल परिचालन गर्न नसक्नु ।

★ आर्थिक कुटनीतिको प्रचार प्रसार गर्न सक्ने सामर्थ्य नहुनु ।

★ आर्थिक कुटनीतिको प्रवर्द्धनमा उच्चस्तरको राजनीतिक एवम् प्रशासनिक प्रतिवद्धताको कमी आदि ।

**समाधानका लागि सुझाव**

★ आर्थिक कुटनीतिको बारेमा स्पष्ट धारणा निर्माण गर्नका लागि राजनीतिक एवम् प्रशासनिक निकायको उच्च तहमा वृहत् छलफल एवम् गृहकार्यको आवश्यकता छ ।

★ देशभित्र लगानीको अनुकूल वातावरण सिर्जना गर्ने र त्यसका लागि आर्थिक क्षेत्रसँग सम्बन्धित ऐन नियममा समयानुकुल परिवर्तन गर्ने ।

★ नेपाली वस्तु वा सेवाको प्रतिस्पर्धात्मक क्षमता वृद्धिका लागि आवश्यक कदमहरू निर्माण गर्ने ।

★ यथासम्भव बढी मुलुकहरूमा कुटनीतिक नियोग स्थापना गर्ने र त्यहाँ कार्यरत जनशक्तिको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम एवम् पर्याप्त श्रोत साधन छुट्याउने ।

★ आर्थिक कुटनीतिका सम्बन्धमा परराष्ट्र मन्त्रालय एवम् अन्य विषयगत मन्त्रालय र निजी क्षेत्रबीच अन्तरसम्बन्ध एवम् समन्वय कायम गर्ने ।

★ देशको आर्थिक विकासलाई प्राथमिकतामा राखी आर्थिक कुटनीतिलाई त्यससँग आवद्ध गर्ने ।

★ सूचना, गोष्ठी, भ्रमण दल, व्यापार मेला आयोजना गर्दै क्षेत्रीय र उपक्षेत्रीय स्तरमा अवसरको खोजी गर्ने ।

★ आर्थिक कुटनीति परिचालनका लागि परराष्ट्र मन्त्रालयलाई Focal Point को रुपमा विकास गर्ने ।

★ आर्थिक कुटनीतिको प्रवर्द्धनका लागि राजनीतिक एवम् प्रशासनिक प्रतिवद्धता सुनिश्चित गर्ने आदि ।

अन्त्यमा WTO मा प्रवेश गरिसकेका हामीले पनि त्यसका लाभहरू प्राप्त गर्नका लागि समक्ष रुपमा आर्थिक कुटनीति निर्माण गर्नुपर्ने आवश्यकता छ जसका लागि सम्बन्धित सम्पूर्ण पक्षको संलग्नता एवम् सहभागिता हुनु जरुरी छ ।

**(६) दिगो विकासका आयामहरू उल्लेख गर्दै नेपालमा दिगो विकास सन्दर्भमा सामना गर्नुपरेका चुनौतीहरू एवं चुनौतीलाई अवसरमा बदल्ने उपायहरू सुझाउनुहोस् ।**

**दिगो विकासका आयामहरू**

★ भावी पुस्ताको हित एवम् आवश्यकताको संरक्षण गर्दै वर्तमानका आवश्यकताको परिपूर्तिका लागि श्रोत साधनको वृद्धिमत्तापूर्ण एवम् सन्तुलित उपायोगका माध्यमबाट गरिने विकास नै दिगो विकास हो ।

Question Bank Nepal

★ दिगो विकासको अवधारणाको उत्पत्तिको समयमा यसलाई प्राकृतिक स्रोतको विवेकशील प्रयोग र वातावरणीय संरक्षण कायम गर्दै गरिने विकासको रुपमा लिइन्थ्यो भन्ने हाल आएर यस अवधारणाको क्षेत्र/आयाम विस्तार भएको पाइन्छ ।

★ दिगो विकासका क्षेत्र/आयामहरूलाई मोटामोटी रुपमा देहायअनुसारको तालिकामा व्यक्त गर्न सकिन्छ :-

**(क) वातावरणीय आयाम**

- प्राकृतिक स्रोत साधनको दिगो उपयोग,
- जैविक विविधताको संरक्षण,
- धान्न सकिने क्षमताको विकास,
- अनविकरणीय उर्जाको सट्टा नवीकरणीय उर्जाको बढी प्रयोग,
- वातावरणको संरक्षण तथा पर्यावरणीय सन्तुलनमा जोड,

**(ख) आर्थिक आयाम**

- समन्यायिक एवम् पहुँचयुक्त श्रोत साधनको वितरण प्रणाली,
- सन्तुलित र समावेशी विकास,
- स्थानीय श्रोत साधन, सीप र प्रविधिमैत्री विकास,
- रोजगारीको अवसर सिर्जना र गरिबी निवारण,

**(ग) सामाजिक/सांस्कृतिक आयाम**

- सामाजिक न्याय तथा समतामूलक समाजमा जोड,
- व्यवस्थित सहरीकरणमा जोड,
- सामाजिक सुरक्षाका उपायहरूको अवलम्बन,
- सांस्कृतिक पक्ष एवम् सम्पदाहरूको उपयोगमैत्री विकास,
- सामाजिक सहभागितामा अविभृद्धि,

**(घ) मानवीय आयाम**

- मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा जोड,
- सीपयुक्त जनशक्ति विकासमा जोड,
- नागरिकमैत्री सामाजिक सुरक्षा प्रणाली,
- मानवीय मूल्य, मान्यता र भावनाको कदर,

**(ङ) शासकीय आयाम**

- कानुनी शासनको प्रत्याभूतीमा जोड,
- जनप्रतिनिधिमूलक सरकार/लोकतान्त्रिक शासन प्रणाली,
- समावेशी एवम् समानुपातिक प्रतिनिधित्व,
- जनउत्तरदायी सार्वजनिक सेवा प्रवाह प्रणाली,
- जनमुखी सार्वजनिक प्रशासन संयन्त्र ।

**दिगो विकासका समस्याहरू**

★ विकासका नाममा गरिने क्रियाकलापले वातावरणमा पार्न सक्ने नकारात्मक प्रभावका बारेमा अनुमान एवम् विश्लेषण नै नगर्नाले विकास समुन्नतीका रुपमा नभएर विनासको रुपमा देखा पर्दै जानु दिगो विकासको एउटा चुनौती वा समस्या हो ।

★ कुनै पनि भौतिक पूर्वाधार विकास गर्ने कार्यको न्यूनतम मापदण्डको अभावमा वातावरणमा प्रतिकूल असर पुग्ने गरी भूमिको धान्न सक्ने क्षमता भन्दा बढीका निर्माण कार्यहरू हुनु ।

★ वातावरण संरक्षणका लागि कडा ऐन, नियमको निर्माण नहुनु र भएका कानूनको पनि प्रभावकारी कार्यान्वियन नहुनु ।

★ वातवारण संरक्षण सम्बन्धी कार्य सरकारको न्यून प्राथमिकतामा पर्नु जसले गर्दा पर्याप्त बजेट विनियोजनको अभावमा आवश्यक कदमहरू चाल्न नसकिनु ।

★ बढ्दो जनसंख्या वृद्धि, गरिबी एवम् बेरोजगारीले गर्दा प्राकृतिक श्रोतहरू जस्तै वन, वन्यजन्तु एवम् जडिबुटी माथि अधिक शोषणको अवस्था ।

★ वातावरण संरक्षण एवम् प्राकृतिक श्रोत साधनको संरक्षण प्रति राजनैतिक दल र तिनका कार्यकर्ताको संवेदनशीलताको अभाव ।

★ देशमा विद्यमान राजनीतिक अस्थिरता, सामाजिक विभेद एवम् द्वन्द्वले गर्दा दिगो विकासको Agenda ओझेलमा परेको छ ।

★ आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरणको नाममा नेपाल जस्ता अल्पविकसित राष्ट्रहरू विदेशी सहयोग प्रति निर्भर रहेका र सो सहयोग समेत आफ्नो आवश्यकताको क्षेत्रमा प्रयोग गर्न नसक्दा कुनै पनि क्षेत्रमा दिगो विकास प्राप्त गर्न नसकिएको ।

★ देशमा व्याप्त भ्रष्टाचार, जनताप्रतिको उत्तरदायित्वको अभाव एवम् कानूनको शासनको अभावमा विकासमा जनताको सहभागिता एवम् स्वामित्वबोधको विकास हुन नसक्नु,

★ विभिन्न क्षेत्रको (दिगो विकासका विभिन्न आयाम) विकासमा संलग्न निकायहरूबीच प्रभावकारी अन्तरनिकाय समन्वय एवम् तिनले सञ्चालन गर्ने कार्यक्रममा समेत समन्वय तथा तालमेलको अभाव ।

Question Bank Nepal

★ जलवायु परिवर्तनको बढ्दो असरले गर्दा देशमा प्राकृतिक विपत्तीको संकट बढ्दै जानु ।

★ आफ्नो हितलाई पूरा गर्ने सुरमा अरुको हितलाई बिर्सने प्रवृत्तिले उपलब्ध श्रोत साधनको दोहन गर्ने क्रम बढ्दो ।

★ वैकल्पिक र नवीकरणीय उर्जाको प्रयोगमा कमी हुनु ।

**दिगो विकास हासिल गर्न अपनाउनुपर्ने उपायहरू**

★ वातावरण तथा प्राकृतिक स्रोत, साधनको संरक्षणमा नीतिगत स्पष्टता, संस्थागत प्रभावकारीता र कानूनी सक्रियताका साथै उच्च प्रतिबद्धताको सुनिश्चितता गर्ने ।

★ मानिसको प्राकृतिक श्रोत माथिको बढ्दो निर्भरतालाई कम गर्न जनसंख्या नियन्त्रण, गरिबी निवारण एवम् रोजगारीको अवसरहरूको सिर्जना गर्ने ।

★ पृथ्वीलाई जल प्रदुषण, वायु प्रदुषण, ध्वनि प्रदुषण एवम् स्थल प्रदुषणबाट मुक्त राख्नका लागि नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

★ वातावरण संरक्षणलाई राज्यको पहिलो प्राथमिकतामा राखी पर्याप्त बजेट विनियोजन गर्ने र विनियोजित रकमको प्रभावकारी रुपले सदुपयोग गर्ने ।

★ विकास निर्माण सम्बन्धी कार्य एवम् आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने कार्यको प्रभावकारी रुपमा अवलम्बन गर्ने ।

★ विकास निर्माणका कार्यहरू गर्दा अवलम्बन गर्नुपर्ने न्यूनतम मापदण्ड निर्धारण गरी सोंको कडाइका साथ कार्यान्वयन गर्ने ।

★ देशमा विद्यमान राजनीतिक अस्थिरता एवम् द्वन्द्वलाई आपसी सहमतिका माध्यमद्वारा अन्त्य गर्ने ।

★ वातावरण एवम् प्राकृतिक श्रोत साधनको संरक्षण र प्रवर्द्धनमा उच्चस्तरीय राजनीतिक प्रतिबद्धताको व्यवस्था हुनुपर्ने ।

★ शिक्षा, स्वास्थ्य, खानेपानी, आवास तथा सुरक्षा जस्ता सामाजिक विकासमा राज्यले लगानी बढाउनुपर्ने ।

★ पछिल्लो समयमा देशभित्र विकास भएको सामाजिक द्वन्द्वलाई न्यूनीकरण गरी सामाजिक, धार्मिक, सांस्कृतिक विविधताका बीच एकता कायम गर्ने सामाजिक सद्‌भावको वातावरण सिर्जना गर्ने ।

★ प्रजातान्त्रिक एवम् पारदर्शी शासन प्रणालीको अवलम्बन, कानूनको शासन, जनसहभागितात्मक विकास प्रक्रिया र जनताप्रति उत्तरदायी सरकार तथा प्रशासन संयन्त्रको व्यवस्था गर्ने ।

★ वातावरण संरक्षणमा सम्बद्ध सरकारी एवम् गैरसरकारी निकायबीच प्रभावकारी अन्तरसम्बन्धको विकास मार्फत कार्यक्रममा एकरुपता कायम गर्ने ।

★ Global warming and climate change को प्रभावबाट राहत पाउन कार्बन व्यापारमा जोड दिने ।

अन्त्यमा, दिगो विकासले उपलब्ध श्रोत साधन लाई जनसंख्या, आवश्यकता र विकासबीच प्रभावकारी तालमेल कायम गरी भावी पुस्ताहरूको अधिकार संरक्षणमा जोड दिन्छ । प्राकृतिक श्रोत साधन जस्तो भूमि, वन, जल, जडिबुटी, जैविक विविधताको योजनाबद्ध एवम् वातावरणमैत्री किसिमले उपयोग गर्न सकेमा मात्र दिगो विकासलाई टेवा पुग्न जान्छ जुन यस ग्रहका सम्पूर्ण प्राणी जगतका लागि फाइदा जनक छ ।

**(७) विकास प्रक्रियामा राज्य बाहेकका साझेदारहरू कुन कुन हुन् ? उल्लेख गर्दै विकास प्रक्रियामा गैरसरकारी संस्था, नागरिक समाज र स्थानीय निकायको भूमिका बारे चर्चा गर्नुहोस् ।**

**विकास प्रक्रियामा राज्य बाहेकका साझेदारहरू**

राज्यले देशको विकास प्रक्रियामा सम्पूर्ण क्षेत्रमा आफ्नो संलग्नता नदेखाई विकासका अन्य साझेदारहरूका लागि नियामक एवम् सहजकर्ताको भूमिका खेल्नुपर्दछ भन्ने मान्यताले स्थान पाउँदै गएको वर्तमान समयमा देशको विकास प्रक्रियामा राज्य बाहेक विकासका मुख्य साझेदारका रुपमा देहाय बमोजिमका क्षेत्रहरू अगाडि आएको पाइन्छ :-

- निजी क्षेत्र,
- सहकारी क्षेत्र,
- सामुदायिक क्षेत्र,
- नागरिक समाज,
- गैरसरकारी संस्था,
- स्थानीय निकाय,
- अन्तर्राष्ट्रिय समुदाय ।

**विकास प्रक्रियामा गैरसरकारी संस्थाको भूमिका**

विकास प्रक्रियाको तेस्रो प्रमुख साझेदारको रुपमा रहने गैरसरकारी संस्थाहरूले राज्य र नागरिकबीचको सम्बन्ध सेतुको भूमिका निर्वाह गरी देशको विकासमा निम्न भूमिकाहरू निर्वाह गर्न सक्दछन् :-

★ सरकारी प्रयास अपर्याप्त भएका सामाजिक कल्याणका क्षेत्रहरुमा आफ्ना गतिविधिहरू सञ्चालन गरेर ।

Question Bank Nepal

- ★ नागरिक सरोकार र चासोका विषयमा निरन्तर रुपमा वहस पैरवी गर्दै नागरिक सेवा प्रवाहमा सरकारसँग परिपूरकको भूमिका निर्वाह गरेर।
- ★ जनचेतना अभिवृद्धि, सशक्तिकरण, सामाजिक जागरण एवम् क्षमता विकास जस्ता लक्षित कार्यक्रमहरू सञ्चालन गरेर एवम् अन्य पक्षहरूसँग सहजीकरण गरेर।
- ★ स्थानीय सीप एवम् श्रोत साधन र प्रविधिको परिचालन एवम् प्रवर्द्धनका माध्यमबाट आय आर्जनमा सघाउ पुर्‍याई स्थानीय जनताको जीवनस्तरमा सुधार गरेर।
- ★ सामाजिक पूँजी निर्माण, आय आर्जनमूलक एवं रोजगारीमूलक कार्यक्रम सञ्चालन गरेर आदि।

**विकास प्रक्रियामा नागरिक समाजको भूमिका**

राज्य एवं बजार संयन्त्र भन्दा भिन्न रहेर सार्वजनिक निकाय एवम् निजी क्षेत्रको कामको निष्पक्ष निगरानी गरी खराब काम गर्नेबाट रोक्न Watch dog को भूमिका निर्वाह गर्ने नागरिक समाजले कुनै पनि देशको विकास प्रक्रियामा निम्नानुसारको भूमिका खेल्न सक्दछ :-

- ★ नागरिक सचेतना एवं सहभागिता अभिवृद्धिका माध्यमबाट नागरिक सरोकार र चासोका विषयहरूमा वैधानिक रुपमा नागरिक आवाजहरू बुलन्द गरेर।
- ★ राज्यका नीति तथा कार्यक्रमहरूमा जनअपेक्षा प्रतिविम्बित गर्न सहयोग गरेर।
- ★ राज्य एवम् सरकारलाई स्वेच्छाचारी एवम् निरकुंश बन्नबाट रोकेर।
- ★ विधिको शासन, लोकतान्त्रिक पद्दति एवम् संविधानवादको स्थापना एवम् विकासका लागि योगदान गरेर।
- ★ जनताको आवश्यकता एवम् मागका सम्बन्धमा राज्य संयन्त्रलाई जानकारी दिने एवम् स्पष्ट गरेर।
- ★ राज्य संयन्त्र र अन्य साझेदारको काम कारबाहीलाई watch dog को रुपमा निगरानी गरेर आदि।

**विकास प्रक्रियामा स्थानीय निकायको भूमिका**

स्थानीय आवश्यकता, दक्षता, क्षमता एवम् समस्याका विषयमा अरु पक्ष भन्दा स्थानीय समुदाय नै बढी जानकार हुने हुनाले विकास निर्माण प्रक्रियामा स्थानीय निकायको भूमिकालाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

- ★ स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय विकास, निर्माण एवम् उद्यमको विकासमा सहयोग गरेर।
- ★ स्थानीय जनताको सहभागितामा स्थानीय माग, सम्भावना र आवश्यकताको पहिचान गरी जनसहभागिता र जनपरिचालनका माध्यमबाट विकास कार्यक्रमहरू सञ्चालन गरेर।
- ★ स्थानीय साधन एवम् स्रोतको परिचालन गर्दा वातावरण मैत्री उपायहरू अवलम्बन गरेर।
- ★ केन्द्र तथा अन्य विभिन्न श्रोतबाट प्राप्त बजेटको प्रभावकारी रुपमा परिचालन गरी स्थानीय स्तरमा पूर्वाधार विकासका कार्यहरू गरेर।
- ★ गरिबी निवारणको राष्ट्रिय उद्देश्य प्राप्तीका लागि विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गरेर।
- ★ विकासको मूल प्रवाहमा समेटिन नसकेका वर्ग क्षेत्र र समुदायको सशक्तिकरण गरेर।
- ★ सामाजिक सुरक्षा अवधारणा अन्तर्गतका विभिन्न कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरेर आदि।

अन्त्यमा विकास प्रक्रियामा राज्य बाहेका साझेदार भन्नाले शासन सञ्चालनको प्रक्रियामा नरहेका र राज्य भन्दा स्वतन्त्र तर व्यक्ति भन्दा व्यापक रहेका क्षेत्रहरू पर्दछन् जसअन्तर्गत मुलतः निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय आदि पर्दछन्। यी साझेदारहरूले राज्य र नागरिक बीचमा रहेका अन्तरलाई जोड्ने पुलको रुपमा रहेर सामाजिक उर्जाको प्रयोग गर्दै आफ्ना क्रियाकलापहरू अगाडि बढाउने गर्दछन्।

**(८) समुदायमा आधारित विकास भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै नेपालमा समुदायम आधारित विकासमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू औंल्याउनुहोस्।**

**समुदायमा आधारित विकास**

परम्परागत रुपमा विकासका सम्पूर्ण क्षेत्रमा राज्यले नै नेतृत्व लिएर लगानी गर्ने र जनतालाई विकासको लाभग्राही (Binificiary) को रुपमा लिने अवधारणामा आएको परिवर्तन स्वरुप जनता विकासको प्रतिफल प्राप्त गर्ने लाभ ग्राही मात्र होइनन् उनीहरू विकासका साझेदार पनि हुन् भन्ने धारणा नै समुदायमा आधारित विकासको मर्म हो। समुदायमा आधारित विकासको Model मा विकास कार्यहरुको आवश्यकता पहिचानदेखि निर्णय प्रक्रियाका सम्पूर्ण चरण, विकास गर्नका लागि आवश्यक पर्ने श्रोतको लगानी र विकास प्रक्रियाको व्यवस्थापन एवम् सोबाट प्राप्त लाभको उपभोग गर्ने अधिकार प्रत्यक्ष रुपमा समुदायमा नै रहन्छ।

Question Bank Nepal

विश्व बैंक (World Bank) जस्ता अन्तर्राष्ट्रिय विकासका साझेदारहरूले सन् १९९० को दशकको मध्यतिर समुदायमा आधारित विकासको अवधारणा अघि सारेका हुन् । समुदायमा आधारित विकास त्यस्तो विकास हो, जुन समुदायको माग एवम् आवश्यकतामा आधारित रही सामुदायिक संलग्नतामै सञ्चालन गरी सोको लाभको प्रत्यक्ष रुपमा उपभोग गर्ने अधिकार पनि समुदायमा रहन्छ ।

Community driven development (CDD) is a development initiative that provides control of the development process, resources and decision making authority directly to community groups. - Wikipedia, the free encyclopedia

कुनै पनि समुदायको आवश्यकताका बारेमा राज्यलाई वा विकासका अन्य साझेदारहरूलाई भन्दा सोही समुदायलाई नै पूर्ण रुपमा जानकारी हुन्छ त्यसैले समुदायले पहिचान गरे अनुरुपको विकासका लागि उनीहरूलाई पर्याप्त श्रोत साधन, ज्ञान, क्षमता, दक्षता र अन्य सहयोग उपलब्ध गराउन सकेमा आफ्नो आवश्यकता अनुसारको विकास गर्न सक्षम हुन्छन् जुन विकास दिगो पनि हुने हुनाले समुदायमा आधारित विकासलाई दिगो विकास प्राप्त गर्ने एक माध्यमको रुपमा पनि लिन सकिन्छ ।

**नेपालमा समुदायमा आधारित विकासमा देखिएका समस्याहरू**

- ★ समुदायमा रहेका स्थानीय जनशक्तिमा प्राविधिक क्षमताको कमीले यान्त्रिक उपकरणको प्रयोग गरी गरिने विकास निर्माणका कार्यमा समुदायलाई सहभागी गराउन नसकिएको ।
- ★ श्रममूलक प्रविधिको विकास गर्न नसक्दा भारी उपकरणहरूको प्रयोगबाट लक्षित वर्गले लाभ नभई हानी व्यहोर्नु परेको ।
- ★ अनावश्यक राजनीतिकरणका कारण विकास प्रक्रियाहरू अन्यौलमा पर्ने गरेका, विकास निर्माणले समग्र समुदायको हित गर्छ गर्दैन सोको आँकलन नगरेर निश्चित वर्ग तथा राजनीतिक स्वार्थ पूरा हुन्छ हुँदैन भन्ने कुरा प्रमुख मुद्दा बन्नु ।
- ★ स्थानीय स्तरका उपभोक्ता समितिबाट गराईने कार्यमा पनि उपभोक्ता समितिमै असल नियतका मानिसको कमीका कारण विकास कार्यहरूप्रति स्थानीयको स्वामित्वभाव वा अपनत्व विकास गर्न नसकिएको ।
- ★ अनावश्यक माफिया/दलालको उपस्थितिले स्थानीय आयोजनामा लागत प्रभावीकरण श्रोतको सदुपयोग हुने किसिमको हुन्छ भन्ने कुरालाई गलत देखाउनु ।
- ★ असल राजनीतिक संस्कार र विधिको शासनको अभावमा स्थानीय तहमा नेतृत्व विकास गर्ने कार्य ओझेलमा परेको ।
- ★ पर्याप्त रोजगारी सिर्जना गर्न नसक्दा जनशक्ति पलायनलाई रोक्न नसकिएको जसले गर्दा स्थानीय स्तरमा केही विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा जनशक्ति/श्रमशक्तिको अभाव हुने गरेको ।
- ★ विकास आयोजनाहरूमा स्थानीय राजनीतिक भागबण्डा हुने, सम्भ्रान्त वर्गबाट कब्जा हुने आदिजस्ता प्रवृत्तिले गर्दा पिछडिएको वर्ग एवम् समूह सधैं पछाडि रहने अवस्था रहेको ।
- ★ स्थानीय निकायले स्थानीय स्वायत्त शासन ऐन अनुसारको अधिकार तथा दायित्व अनुरुप कार्य गर्नु भन्दा केन्द्रीय आदेश, निर्देशन वा श्रोत साधनमा बढी आशक्त हुने गरेको ।
- ★ स्थानीय समुदायको आवश्यकता एवम् त्यहाँको भौगोलिक वस्तुस्थिति नबुझिकन विकास कार्यहरू सञ्चालन गर्नाले स्थानीयको जीवनस्तरमा सुधार ल्याउन नसकिएको ।
- ★ पर्याप्त श्रोत साधन, अधिकार र संस्थागत क्षमता विकास बिनै ग्रामीण तहमा विकास कार्यहरू सञ्चालन गरिँदा त्यस्ता कार्यहरू पूरा गर्न समस्या हुने गरेको ।
- ★ केन्द्रिकृत योजना पद्दति तथा स्थानीय सम्भाव्यता र प्राथमिकता भन्दा तत्कालीन फाइदामुखी विकासको प्रवृत्ति रहेको ।
- ★ स्थानीय श्रोत साधनको परिचालनमा ध्यान नदिई दाताहरूको सहयोगमा मात्रै मुख ताक्ने प्रवृत्ति रहेको ।
- ★ राजनीतिक दल एवम् राजनीतिज्ञको निर्वाचन क्षेत्र केन्द्रित विकास पद्दतिले समग्र राष्ट्रको सन्तुलित विकास हुन नसकेको ।
- ★ स्थानीय सीप, श्रोत साधन एवम् क्षमतामा आधारित घरेलु, साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्न नसकिएको ।

**समस्या समाधानका उपायहरू**

- ★ सामुदायिक विकासका लागि स्थानीय समुदाय, राजनीतिक पार्टी एवम् सरकारी संयन्त्रको भूमिका र जिम्मेवारी स्पष्ट किटानी हुने गरी नीतिगत व्यवस्था गर्ने ।
- ★ जनशक्तिमा प्राविधिक सीप एवम् क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमको पर्याप्त व्यवस्था गर्ने ।

Question Bank Nepal

★ राजनीतिक सदाचार पद्दतिको विकास गर्ने र अनावश्यक बिचौलीया एवम् दलालहरूलाई निरुत्साहित गर्ने ।

★ वर्तमान समयमा स्थानीय तहको निर्वाचन नभएका कारण स्थानीय राजनीतिक नेतृत्वको कमीले विकास कार्यहरू सञ्चालन गर्न समस्या परिरहेको अवस्थामा यथाशीघ्र स्थानीय निकायको निर्वाचन गर्नेतर्फ कदम चाल्ने ।

★ वास्तविक उपभोक्ता समूहबाट राजनीतिक हस्तक्षेप मुक्त तरिकाले विकास गर्ने वातावरण मिलाउनुपर्ने ।

★ स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा समयानुसार सुधार एवम् परिमार्जन गर्दै लगि स्थानीय निकायलाई थप अधिकारयुक्त एवम् सशक्त बनाइनुपर्ने ।

★ विकेन्द्रीकरणको अवधारणाको पूर्ण परिपालना गरी केन्द्रिय स्तरबाट सञ्चालन गर्न कठिन हुने खालका कार्यहरू स्थानीय स्तरमा केन्द्रिकृत गर्नुपर्छ ।

★ स्वच्छ राजनीतिक प्रणालीको अभ्यास मार्फत समतामूलक एवम् समावेशी विकासमा जोड दिने ।

★ स्थानीय श्रोत साधन, सीप एवम् प्रविधिमा आधारित विकास प्रक्रियाहरू मार्फत स्थानीय श्रोतको परिचालन र प्रवर्द्धनमा जोड दिने जसले गर्दा जनशक्ति पलायनलाई समेत कम गर्न सकियोस् ।

★ समुदायमा आधारित विकासका निम्ति सामुदायिक सचेतना अभिवृद्धि एवम् नागरिक शिक्षामा जोड दिने ।

यसरी विभिन्न किसिमका समस्याका कारणले गर्दा नेपालमा समुदायमा आधारित विकासको अवधारणा माथि नै शंका उत्पन्न भइरहेको अवस्थामा राज्य, सरकार, राजनीतिज्ञ एवम् स्थानीय तहबाट आ-आफ्नो जिम्मेवारी बोध गर्दै सोही अनुरुपको भूमिका निर्वाह गर्न सकेमा समुदायमा आधारित विकास साँच्चै नै समुदायमा लोकप्रिय बन्न सक्ने थियो किनकी यस्तो अवस्था सिर्जना गर्न सकेमा हामी बीचमा कसैले पनि खेल्न पाउने थिएनन् र विकासको प्रतिफल समुदायले नै प्राप्त गर्ने कुराको सुनिश्चतता समेत बढ्न जाने हुन्छ ।

**(९) पारिस्थितिक प्रणाली (Ecosystem) भन्नाले के बुझिन्छ ? पारिस्थितिक प्रणालीलाई मूलतः कति किसिममा वर्गीकरण गर्ने गरिन्छ ? चर्चा गर्नुहोस् ।**

**पारिस्थितिक प्रणाली (Ecosystem)**

सामान्य अर्थमा पारिस्थितिक प्रणाली (Ecosystem) भन्नाले जैविक पक्षका रुपमा रहेका प्राणी, वनस्पति, सूक्ष्म जीव जीवात्माहरूको समुदाय र हावा, पानी, माटो जस्ता अजैविक वातावरण बीचको अन्तरसम्बन्धलाई बुझिन्छ । Eco को अर्थ वातावरण (environment) र system को अर्थ interacting, interdependent complex हुन्छ । प्राणीहरूको भौतिक तथा जैविक वातावरणसँगको आपसी सम्बन्ध अर्थात् Ecosystem को अध्ययन गर्ने विज्ञानलाई पारिस्थितिक विज्ञान (Ecology) भनिन्छ ।

हावापानीको वर्गीकरणले पारिस्थितिक प्रणालीमा भिन्नता हुन्छ । Ecosystem भन्ने शब्द सर्वप्रथम सन् 1935 मा ब्रिटिस पर्यावरणविद् A.G. Tansley ले प्रयोग गरेका हुन् । तल बुदाँगत रुपमा प्रस्तुत गरिएको Ecosystem का विशेषताहरूको अध्ययनबाट समेत यसको अर्थ एवं परिभाषा बारे स्पष्ट हुन सकिन्छ :–

★ Ecosystem को एक क्षेत्रीय आयाम हुन्छ, अर्थात् यो पृथ्वीमा कुनै एक निश्चित क्षेत्रको प्रतिक हो ।

★ एक निश्चित समयको कुनै भौगोलिक एकाइका सबै जैविक तत्व र अजैविक तत्व (पर्यावरण) को समष्टि Ecosystem कहलाउँछ ।

★ Ecosystem को संरचनामा जैविक, अजैविक र उर्जा संघटकको महत्वपूर्ण योगदान हुन्छ ।

★ Ecosystem को गतिशीलताको लागि उर्जा प्रवाह र भू-रसायन चक्रको मुख्य भूमिका हुन्छ ।

★ Ecosystem को उत्पादकत्व हुन्छ, जसले कुनै क्षेत्रको प्रति समय एकाइमा जैविक पदार्थको वृद्धिदरलाई इङ्गित गर्दछ ।

★ Ecosystem को उत्पादकत्व उर्जाको सुगमतामा निर्भर गर्दछ ।

★ Ecosystem ले एक श्रृंखलाबद्ध क्रमिक विकासलाई इङ्गित गर्दछ जो प्राथमिक अनुक्रमबाट शुरु भएर चरम विकासमा परिणत हुन्छ ।

पारिस्थितिक प्रणाली (Ecosystem) को अध्ययन गर्ने विज्ञानलाई पारिस्थितिक विज्ञान (Ecology) भनिन्छ । नेपालमा हालसम्म ११८ प्रकारका पारिस्थितिक प्रणालीको पहिचान भएको पाईन्छ । भनिन्छ पनि, हिम शिखर, पहाड, उपत्यका, डाँडा, ताल तलैया, समथर भूमी, नदीनाला विभिन्न भौगोलिक क्षेत्र रहेको नेपालमा समुद्र र मरुभूमीका पारिस्थितिक प्रणाली वाहेक विश्वमा पाइने धेरै किसिमका पारिस्थितिक प्रणाली पाइन्छन् ।

**पारिस्थितिक प्रणालीका प्रकारहरू**

Ecosystem लाई प्रकृति र बनोटको आधारमा वर्गीकरण गरिएको पाइन्छ । मुख्यतया पारिस्थितिक प्रणालीलाई Natural ecosystem र Anthropogenic ecosystem गरी दुई भागमा विभाजन गर्ने गरिएता पनि समग्रमा परिस्थितिक प्रणालीलाई देहाय बमोजिमका प्रकारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ –

Question Bank Nepal

Natural Terrestrial Ecosystem

Natural Aquatic Ecosystem

Anthropogenic Ecosystem

(१) **प्राकृतिक स्थलीय पारिस्थितिक प्रणाली (Natural Terrestrial Ecosystem)** - स्थलीय वातावरणमा स्वतन्त्र रुपमा सञ्चालित ecosystem Natural terrestrial ecosystem हो । यस ecosystem पनि वन, मरुभूमि, घाँसे मैदान, पर्वतीय पारिस्थितिक प्रणाली गरी विभिन्न प्रकारका रहेका छन् ।

(२) **प्राकृतिक जलीय पारिस्थितक प्रणाली (Natural Aquatic Ecosystem)** - पानीमा बस्ने जीवजन्तु, वनस्पति तथा विभिन्न अजैविक वस्तुहरुको अन्तरसम्बन्धबाट सञ्चालित पारिस्थितिक प्रणालीलाई जलीय पारिस्थितिक प्रणाली भनिन्छ । नदी, ताल, पोखरी, समुद्रमा पाइने पारिस्थिक प्रणाली जलीय पारिस्थितिक प्रणाली हुन् । यसअन्तर्गत स्वच्छ पानीको पारिस्थितिक प्रणाली (Fresh water ecosystem) र सामुन्द्रिक पारिस्थितिक प्रणाली (Marine ecosystem) पर्दछन् ।

(३) **मानव निर्मित पारिस्थितिक प्रणाली (Antrhopogenic ecosystem)** - मानवद्वारा निर्मित पारिस्थितिक प्रणालीलाई कृत्रिम (artificial) पारिस्थितिक प्रणाली भनिन्छ । मानिसद्वारा निर्माण गरिएको पारिस्थितिक प्रणालीलाई मानवजनित पारिस्थितिक प्रणाली भनिन्छ । माछापालन, बागवानी, गहुँबाली, धानवाली लगाएर सिर्जना गरिएका पारिस्थितिक संरचना मानवजनित पारिस्थितिक प्रणालीका उदाहरण हुन् ।

अन्त्यमा, धरातलीय विषमता, भू-वनोट र स्थानीय जलवायुको कारणले पारिस्थितिकीय प्रणालीको निर्माण हुन्छ । प्रत्येक पारिस्थितिकीय प्रणालीमा भिन्न भिन्न इकाइहरू हुन्छन् र तिनीहरू बीचको पारस्परिक अन्तरसम्वन्ध तथा प्राकृतिक लय (dynamics) कायम रह्यो भने मात्र यस्तो प्रणाली स्वस्थ रहन सक्छ । उदाहरणको लागि जल पारिस्थितिकीय प्रणालीमा पानीको प्रदूषण भयो भने त्यहाँ बस्ने जलचर बाँच्दैनन् र त्यो मृतप्रायः हुन पुग्छ । हाम्रो प्रयास प्रत्येक पारिस्थितिकीय प्रणालीका अवयव र तिनको सम्बद्धताको अध्ययन गरी उक्त प्रणालीलाई चुस्त र प्रभावकारी बनाउने तर्फ लक्षित हुनुपर्छ ।

**(१०) संकट (Crisis) व्यवस्थापन भन्नाले के बुझ्नु हुन्छ ? संकट सिर्जना हुनुका प्रमुख कारणहरू उल्लेख गर्दै संकट व्यवस्थापनको सन्दर्भमा के के कुरामा विचार पुऱ्याउनु पर्दछ ? लेख्नुहोस् ।**

**संकट व्यवस्थापन (Crisis Management)**

अचानक, अस्थिर एवं अकल्पनीय रुपमा विध्वंसात्मक, भयानक, जटिल, तनावयुक्त र खतराजनक अवस्था सृजना हुनुलाई नै संकट भनिन्छ । संकटलाई एक प्रकारको मानवीय दुःख का रुपमा पनि लिन सकिन्छ । तत्काल तन, मन, धन र ज्ञानको अधिकतम प्रयोग गरी उपयुक्त निर्णयका साथ संकटलाई निराकरण गर्नुलाई नै संकट व्यवस्थापन भनिन्छ ।

अर्को शब्दमा भन्नु पर्दा आईपरेको संकट समाधानका लागि अवलम्बन गरिने व्यवस्थित प्रक्रियालाई संकट व्यवस्थापन भनिन्छ । संगठनमा संकट सिर्जना हुनुमा आन्तरिक कारण, बाह्य कारण र अज्ञात कारणं नै जिम्मेवार हुन्छन् । काँडाभित्र रस हुन्छ भने झैं संकट समस्या मात्रै नभएर यस भित्र अवसर लुकेर रहेको पाईन्छ । जस्तोकी नयाँ नेतृत्वको जन्म, विद्यमान कमजोरीको समाधान, संगठनात्मक पुनर्ताजगी, कार्य उत्प्रेरणा जस्ता विषयहरू संकट भित्र लुकेर रहेका अवसरहरू हुन् ।

व्यक्तिगत, सांगठनिक तथा राष्ट्रव्यापी रुपमा समेत संकट उत्पन्न भई संकटको व्यवस्थापन गर्नुपर्ने हुन्छ । हाम्रो देशमा संकट व्यवस्थापन सम्बन्धि क्षमता विकास र पूर्ववत तयारी बिना सांगठनिक, राष्ट्रव्यापी एवं निश्चित क्षेत्रमा उत्पन्न संकट व्यवस्थापन गर्न अग्रसर हुने, संकट व्यवस्थापनको लागि सरकार तथा विभिन्न क्षेत्रबाट प्राप्त गर्ने सहयोगमा हुने अनियमितताले गर्दा त्यसको नतिजा त्यत्ति राम्रो ननिस्कने गरेको पाईन्छ ।

**संकट सिर्जना हुनुका प्रमुख कारणहरू**

संकटलाई मूलत : व्यक्तिगत संकट, सांगठनिक संकट तथा राष्ट्रव्यापी/क्षेत्रविशेष संकट गरी तीन प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती संकट उत्पन्न हुने पनि आ-आफ्नै प्रकृतिका कारणहरू रहेका हुन्छन् । ती मध्ये पनि माथी उल्लेख गरिए झैं कुनै आन्तरिक प्रकृतिका त कुनै बाह्य प्रकृतिका हुन्छन्, भने कुनै अज्ञात कारण हुन सक्दछन् । संकट सिर्जना हुनुका प्रमुख कारणहरू लाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :–

Question Bank Nepal

| राष्ट्रव्यापी/क्षेत्र विशेष संकट | सांगठनिक संकट | व्यक्तिगत संकट |
|---|---|---|
| + रोग तथा महामारी, | + संगठनमा विद्यमान द्वन्द्व, | + व्यक्तिका आफ्नै क्रियाकलाप, |
| + ज्वालामुखी विष्फोटन तथा महाभूकम्प, | + आपसी मनोमालिन्यता, | + अज्ञानता, |
| + बाढीपहिरो तथा हुरी बतास | + व्यवस्थापकीय कमजोरी, | + घमण्डीपन, |
| + अनावृष्टि तथा अतिवृष्टि, | + सेवा सुविधाको अभाव, | + अविश्वास, |
| + अस्वभाविक मौसम परिर्वतन, | + असमानता एवं पक्षपातपूर्ण व्यवहार, | + असक्षमता, |
| + आक्रमण तथा युद्ध आदि । | + अज्ञात कारण आदि । | + निराशावादी सोच आदि । |

सुखमा नहाँस्नु/नमात्तिनु तथा दुःख मा नरुनु/नआत्तिनु भन्ने नेपाली उखान जस्तै संकट आई परेका बेलामा नरोई/नआत्तिई संकट समाधान तर्फ लाग्नुलाई बुद्धिमत्ताको रुपमा लिईन्छ ।

### संकट व्यवस्थापनमा विचार पुऱ्याउनु पर्ने कुराहरू

संकट व्यवस्थापनको सन्दर्भमा विचार पुऱ्याउनु पर्ने कुराहरूलाई संकट आईपर्नु अगाडि विचारणीय कुराहरू र संकट आइपरेमा व्यवस्थापनका लागि विचारणीय कुराहरू गरी दुई किसिममा विभाजन गरी अध्ययन गर्न सकिन्छ । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ –

| संकट आईपर्नु अगाडि विचारणीय कुराहरू | संकट आइपरेमा व्यवस्थापनका लागि विचारणीय कुराहरू |
|---|---|
| ◻ संकट व्यवस्थापनको रणनीतिक योजना तर्जुमा गर्नुपर्ने, | ◻ संकट आइपर्ने वित्तिकै Team member को व्यवस्था गर्ने, |
| ◻ संकट व्यवस्थापनको लागि संस्थागत, कानुनी तथा अधिकार प्रत्यायोजन जस्ता पक्षहरूमा ध्यान दिनु पर्ने, | ◻ Team member को कामको बाँडफाड र जिम्मेवारी तोक्ने, |
| ◻ संकट व्यवस्थापनको लागि जनशक्ति व्यवस्था गरी तालिम प्रदान गर्ने, | ◻ संकट सम्बन्धमा सूचना सम्प्रेषण र प्रचार प्रसार गर्ने, |
| ◻ आवश्यक श्रोत साधनको व्यवस्था गर्ने, | ◻ जनसाधारणका साथै जनशक्ति परिचालन गर्ने, |
| ◻ संकट समाधानका लागि विशेषज्ञ समूहको निर्माण गर्ने, | ◻ विद्यमान श्रोत साधनको उपयोग गर्ने साथै थप सहयोगको लागि आह्वान गर्ने, |
| ◻ आइपर्ने संकटको पहिचान गरी आइपर्नु पूर्व नै रोकथामको व्यवस्था गर्नेतर्फ पहलकदमी अगाडि बढाउने । | ◻ तत्काल निर्णय गरी तुरून्त कार्य प्रारम्भ गर्ने र आकस्मिक सेवा प्रवाह गर्ने । |

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ४ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सामाजिक समानता भन्नाले के बुझिन्छ ? समानताका सिद्धान्तहरू उल्लेख गर्दै वर्तमान संविधानले समानता र समाजिक न्याय सम्बन्धी कस्तो हकको व्यवस्था गरेको छ ? चर्चा गर्नुहोस् ।

(२) बुढ्यौली (Aging) बारे चर्चा गर्दै नेपालमा जेष्ठ नागरिकको व्यवस्थापमा देखिएका समस्याहरू र ती समस्या समाधानका लागि चाल्नुपर्ने उपायहरू प्रष्ट्याउनुहोस् ।

(३) सम्पत्ति शुद्धिकरण अपराध कसरी हुन्छ ? चर्चा गर्दै नेपालमा सम्पत्ति शुद्धिकरण निवारणसँग सम्बद्ध व्यवस्थाहरू बारे प्रकाश पार्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) नेपालको वैदेशिक रोजगारको क्षेत्रमा देखिएका समस्याहरू र ती समस्या समाधानका उपायहरू उल्लेख गर्दै यस क्षेत्रमा हुने ठगीबाट जोगिन जान्नैपर्ने कुराहरू के के हुन् सक्दछन् ? लेख्नुहोस् ।

(५) प्रविधि हस्तान्तरण भनेको के हो ? यसका उद्देश्यहरू उल्लेख गर्दै प्रविधि हस्तान्तरणको प्रक्रियाबारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) नेपालमा मानव विकासको अवस्थाबारे चर्चा गर्दै नेपालमा मानव विकासका समस्या एवम् ती समस्या समाधानका उपायहरू के के हुन सक्दछन् ? सुझाउनुहोस् ।

(७) सूचना तथा सञ्चार प्रविधि भन्नाले के बुझिन्छ ? विकासमा सूचना तथा सञ्चार प्रविधिको भूमिका बारे बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

(८) धान्न सक्ने क्षमता (Carrying Capacity) ले के जनाउँछ ? भूमिको धान्न सक्ने क्षमताको बारेमा चर्चा गर्दै नेपालमा भूमिको धान्न सक्ने क्षमता ह्रास गराउने सन्दर्भमा देखिएका कारणहरु रसमस्या समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) जैविक विविधता भनेको के हो ? जैविक विविधतामा धनी राष्ट्रको रुपमा रहेको नेपालले जैविक विविधताबाट लिनसक्ने फाइदाहरू उल्लेख गर्नुहोस् ।

(१०) उर्जा संकटको परिचय दिँदै नेपालमा उर्जा संकटका कारणहरू के देख्नुहुन्छ ? चर्चा गर्दै नेपालमा बढ्दो उर्जा संकट न्यूनीकरणका लागि के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? लेख्नुहोस् ।

## समाधान

**(१) सामाजिक समानता भन्नाले के बुझिन्छ ? समानताका सिद्धान्तहरू उल्लेख गर्दै वर्तमान संविधानले समानता र समाजिक न्याय सम्बन्धी कस्तो हकको व्यवस्था गरेको छ ? चर्चा गर्नुहोस् ।**

### सामाजिक समानताको अर्थ एवं परिचय

सामाजिक समानता छुट्टै विषयवस्तु नभई समानता नै सामाजिक समानता हो । अर्थात् सामाजिक समानता भनेको समाजका कुनै पनि वर्ग,समुदाय एवम् जातजाती एवम् लिंग बीच उच निच को अवस्थाको सिर्जना हुन नदिई सबैको सम्मान तथा पहिचान स्थापित हुनु हो ।

समानतालाई लोकतन्त्रको प्रमुख आधारशीलाका रुपमा लिईन्छ । आजको विकसित तथा मानव अधिकारको युगमा समानता समाजको पहिलो आवश्यकता हो । समानता बिना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन । समानता प्रत्येक व्यक्ति समाज र राष्ट्रको लक्ष्य हो । समानता दुनियाँका अन्य सबै अधिकार सँग आउने अधिकार हो । तसर्थ समानता भएन भने अन्य मानव/मौलिक अधिकार उपभोग गर्न सकिँदैन । त्यसैले भनिन्छ, Equality is justice and justice is equality अर्थात् समानता भनेको न्याय हो र न्याय भनेको समानता हो ।

समाजमा समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको सार हो । समाजमा रहेका समान स्तरमा रहेका दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहहरूलाई कानूनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकोले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । समानतालाई औपचारिक (कानूनी) समानता र सारभूत (वास्तविक) समानता गरी दुई भागमा विभाजन गरी हेर्ने गरिन्छ ।

कानूनको दृष्टिमा समान व्यवहार गर्नु औपचारिक समानता हो, जुन अविभेदकारी अवधारणामा आधारित

समानता हो । भने परिणाममा समानता प्राप्त गर्नु सारभूत समानता हो, जसले सबै धर्म, वर्ण, लिङ्ग, जातजाति, समुदाय, वर्ग आदिका व्यक्तिहरूलाई समानस्तरमा राखी समान अवसरहरू प्रदान गर्दछ । समग्रमा भन्दा समाजमा रहेका व्यक्तिको आर्थिक, न्यायिक, प्रशासनिक, राजनैतिक क्षेत्रमा **समान सहभागिता र अवसरको सिर्जना नै सामाजिक समानता** हो ।

**समानता सम्बन्धी सिद्धान्तहरू**

समानता संम्बन्धी देहाय बमोजिम दुई वटा सिद्धान्तहरू रहेका छन् । जसबारेमा तल संक्षिप्तमा चर्चा गरिएको छ –

**(क) कानूनको अगाडि समानता (Equality before the law) -** कानूनको अगाडि समानता बेलायती कानूनी प्रणाली, "कमन ल" को उपज हो, यसलाई समानता सम्बन्धी नकारात्मक अवधारणा एवं औपचारिक समानताको सिद्धान्त पनि भनिन्छ । A.V. Dicey द्वारा प्रतिपादित कानूनको शासन (Rule of Law) अन्तर्गत कानूनको सर्वोच्चता कायम रहने, कानूनको अगाडि सबै समान हुने, कसैलाई पनि विशेषाधिकार वा छुटको व्यवस्था नहुने र सामान्य कानूनको प्रयोगमा सबै बराबर हुने मान्यताहरू रहेका छन् । त्यसैले समानता सम्बन्धी यस सिद्धान्तलाई कानूनको शासनको एक सिद्धान्तको रुपमा पनि लिइन्छ । परिणामलाई गौण मान्दै प्रक्रियालाई जोड दिने समानताको यस सिद्धान्तले कानूनको प्रयोगमा सरकारले तजबीज लगाउन पाउने अधिकारलाई नियन्त्रण गर्दछ ।

**(ख) कानूनको समान संरक्षण (Equal protection of law) -** कानूनको समान संरक्षण अमेरिकाको कानून प्रणालीको देन हो । प्रक्रियामा भन्दा पनि परिणाममा समान बनाउने उद्देश्य राख्ने यस सिद्धान्तलाई सारभूत समानता पनि भनिन्छ । त्यस्तै गरी यस सिद्धान्तले वकालत गरेको समानतामा राज्यको सकारात्मक दायित्व (Positive duty) हुने भएकोले यसलाई समानता सम्बन्धी सकारात्मक अवधारणा पनि भनिन्छ । समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु अर्थात् सकारात्मक विभेद सहितको समानता नै यस सिद्धान्तको मूल मर्म हो । यस सिद्धान्तले फरक अवस्थामा रहेका व्यक्ति, वर्ग वा समुदायलाई समानता दिलाउन छुट्टा छुट्टै व्यवहार गर्न पनि आवश्यक पर्न सक्ने कुरामा जोड दिन्छ । आरक्षण, सकारात्मक विभेद, सामाजिक सुरक्षालाई सम्बन्धित व्यवस्थालाई यही सिद्धान्तले समेट्दछ ।

**वर्तमान संविधानमा समानता र सामाजिक न्यायको हक**

वर्तमान नेपालको संविधान, २०७२ को भाग ३ धारा १६-४६ सम्म समानताको हक र सामाजिक न्यायको हक समेत ३१ वटा मौलिक हकहरूको व्यवस्था ती हकहरूको उच्चस्तरीय संरक्षण र प्रचलनका लागि संविधानमा नै प्रष्ट प्रावधानहरू राखिएको पाईन्छ ।

**धारा १८. समानताको हक**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**धारा ४२. सामाजिक न्यायको हक :**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

Question Bank Nepal

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

माथि उल्लेखित समानताको हक र सामाजिक न्यायको हक समेत धारा १६ देखि ४५ सम्मका मौलिक हकहरूको हनन भएमा धारा ४६ मा उल्लेखित संवैधानिक उपचारको हक अन्तर्गत धारा १३३ वा १४४ मा उल्लेखित गरिए बमोजिम उच्च अदालत वा सर्वोच्च अदालतमा निवेदन दिई उपचार प्राप्त गर्न सकिन्छ। संविधानको धारा २७३ को संकटकालीन अधिकार सम्बन्धी व्यवस्थालाई हेर्दा समानताको हक, सामाजिक न्यायको हक लगायतका अधिकांश मौलिक हकहरू संकटकालीन अवस्थामा समेत निलम्बन गर्न नसकिने देखिन्छ।

**(२) बुढ्यौली (Aging) बारे चर्चा गर्दै नेपालमा जेष्ठ नागरिकको व्यवस्थापनमा देखिएका समस्याहरू र ती समस्या समाधानका लागि चाल्नुपर्ने उपायहरू प्रष्ट्याउनुहोस्।**

### बुढ्यौली (Aging) को परिचय

सामान्य अर्थमा बुढ्यौली भन्नाले उमेर बढ्दै जानु, बुढो हुदै जानु, बुढो देखिनु वा उमेर खस्कदै जानुलाई बुझिन्छ। अर्को शब्दमा भन्दा मानिस एक अवस्थाबाट अर्को अवस्था (शिशुबाट बालक, बालकबाट युवा, युवाबाट बृद्ध अवस्था) मा प्रवेश गर्दा उसका शारीरिक र मानसिक र सामाजिक अवस्थामा परिवर्तन हुने प्रक्रियालाई बुढ्यौली (Aging) भनिन्छ। बुढ्यौली निरन्तर चलिरहने प्राकृतिक प्रक्रिया हो।

Oxford Dictionary of Thesaurus अनुसार बुढ्यौली भनेको बुढो हुनु वा परिपक्क हुनु हो भनिएको छ। यसबाट के स्पष्ट हुन्छ भने जैविकरुपमा हुने भौतिक, संरचनागत र रसायनिक परिवर्तनको प्रतिफल उमेर वृद्धिसँगसँगै शारीरिक अवस्थामा परिवर्तन हुनु र मानसिक रुपले अशक्त हुँदै जाने प्रक्रिया बुढ्यौली हो। मानिस बुढो हुँदै जाँदा शारीरिका र मानसिक रुपले उसको कार्यक्षमता, कार्यदक्षता र कार्यकुशलता कमजोर हुँदै जान्छ। यो परिवर्तन सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक एवं वातावरणीय परिवेश अनुरुप फरक फरक हुन्छ। बुढ्यौलीका चिन्ह एवं विशेषताहरूलाई देहायका बुँदामा उल्लेख गर्न सकिन्छ :–

- ★ छाला पातलो, खस्रो हुने एवम् चाउरी पर्ने हुन्छ।
- ★ हाड तथा जोर्नीहरूमा समस्या आई हड्डी खिएर जाने एवम् कुप्रो हुँदै जाने।
- ★ दृष्टि क्षमता, गन्ध (सुध्ने) क्षमता,कान सुन्ने क्षमता आदिमा ह्रास आउने।
- ★ मुटुका मांसपेशीहरू कमजोर भई मुटुले पूरा मात्रामा रक्तसञ्चार गर्न नसक्ने।
- ★ मृगौलाको पिसाब छान्ने एवम् रगतबाट विकार वस्तु छान्ने क्षमतामा ह्रास आउने।
- ★ कपाल फुलेर सेतो हुँदै जाने, दाँत झरेर साह्रो वस्तुहरू चपाउन नसक्ने।
- ★ मूत्रथैलीले पिसाब धेरै अटाउन नसक्ने तथा पिसाब थैली खुकुलो भई छिनछिनमा पिसाब लाग्ने।
- ★ यौन क्षमतामा ह्रास आई प्रजनन शक्तिमा गिरावट आउने।
- ★ सिर्जनात्मक, बौद्धिक, सम्झना शक्ति, समस्या समाधान गर्ने क्षमता, सिक्ने क्षमता आदि घट्दै जाने आदि।

आर्थिक दृष्टिले सक्षम, सम्मुनत समाज र संस्कृति, चेतनशील नागरिक र कल्याणकारी राज्य व्यवस्था भएका देशहरूमा बुढ्यौलीका असरलाई सजिलै व्यवस्थापन गर्ने गरेको पाईन्छ। भने नेपाल जस्ता अल्पविकसित मुलुकहरूमा त्यो स्थिति रहेको पाईदैन। जनसङ्ख्यामा बुढ्यौलीको अध्ययन गर्ने विज्ञानलाई जरोन्टोलोजी (Gerontology) भनिन्छ। बुढ्यौलीसम्बन्धी अध्ययन गर्ने विशेषज्ञहरू (Gerentologist) ले विकसित राष्ट्रका बुद्धहरूलाई निम्न चार समूहमा वर्गीकरण गरेको पाइन्छ।

**वृद्धहरूको वर्गीकरण**

| क्र.सं. | उमेर (Age) | समूह (Group) |
|---|---|---|
| १. | ६५ वर्ष | वृद्ध (Old Age) |
| २. | ६५–७४ वर्ष | जवान बूढो (Young Old) |
| ३. | ७५–८४ वर्ष | मध्य बूढो (Middle Old) |
| ४. | ८४ मन्दा माथि | अति बूढो (Too-Old) |

*(Source: Population Education, Source Book, FOE)*

**जेष्ठ नागरिक व्यवस्थापनमा देखिएका समस्याहरू**

- ★ सामाजिक सुरक्षाका कार्यक्रम पर्याप्त एवम् प्रभावकारी हुन नसक्नु,
- ★ जेष्ठ नागरिकको संख्या, अवस्था आदि बारेमा जानकारी दिने data base विश्वसनीय, भरपर्दो र एकीकृत नहुनु,
- ★ वृद्धावृद्धाहरू परिवारबाट एक्लिने प्रवृत्ति बढ्दै जानु,
- ★ जेष्ठ नागरिकको आश्रयका लागि पर्याप्त वृद्धाश्रमको निर्माण एवम् सञ्चालन गर्न नसक्नु,
- ★ वृद्धवृद्धाको क्षेत्रमा लगानी गर्न social corporate responsibility बढाउन नसक्नु,

Question Bank Nepal

★ वृद्धवृद्धाहरू हाम्रा सम्पत्ति/धरोहर हुन्, यिनको सम्मान गर्नुपर्छ भन्ने भावना र संस्कारको विकास हुन नसक्नु,

★ सामाजिक कुरितीहरूले वृद्धवृद्धाको मनोबल र आत्मसम्मानमा चोट पुऱ्याउनु,

★ सामाजिक सुरक्षा कार्यक्रमको coverage कम हुनुका साथै दीर्घकालीन स्रोतको सुनिश्चितता हुन नसक्नु आदि ।

**समस्या समाधानका उपायहरू**

★ वृद्धवृद्धाहरूको वास्तविक तथ्यांक, उनीहरूको अवस्था र सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता बारे पर्याप्त एवम् विश्वसनीय जानकारी प्रदान गर्ने खालको Data Base तयार गरी त्यसलाई समय समयमा अद्यावधिक गर्ने ।

★ वृद्धावस्थालाई तनावरहित र सुखमय बनाउन धुम्रपान, मद्यपान नगर्ने, सरसफाइमा विशेष ध्यान दिने, आफ्नो शरीरको आवश्यकता अनुसार मात्र सन्तुलित भोजन गर्ने बानी बसाल्नु पर्ने चेतना जगाउने ।

★ सामाजिक सुरक्षाका कार्यक्रमहरू सरकारी योगदानमा मात्र सीमित नराखी निजी औद्योगिक एवम् व्यवसायिक क्षेत्रबाट समेत सञ्चालन गर्नुपर्ने ।

★ वृद्धवृद्धाहरूलाई सम्मान गर्ने संस्कारको विकास गर्न बृद्धहरूप्रति आदर एवम् श्रद्धाको भावना जगाउने शिक्षा विद्यालय तह देखि नै दिनुपर्ने ।

★ अवकास र पेन्सनलाई अझ व्यवस्थित पार्दै सामाजिक सुरक्षा भत्ताको Coverage एवम् प्रभावकारिता बढाउने ।

★ सामाजिक सुरक्षाका लागि दीर्घकालीन स्रोतको खोजी, सोको सुनिश्चितता एवम् दिगोपनाको प्रत्याभूति गर्ने ।

★ घरमा नबस्ने निःसहाय बृद्धाहरूलाई व्यवस्थित रुपले राख्न आवश्यकता अनुसार बृद्धाश्रम खोल्ने र भएका बृद्धाश्रमहरूलाई व्यवस्थित रुपले सञ्चालन गर्नुपर्ने ।

★ Social Corporate Responsibility वृद्धि गराउने,

★ वृद्धाश्रम एवम् जेष्ठ नागरिक मिलन केन्द्रहरूको विस्तार तथा स्थापना गर्ने ।

★ बृद्धहरूलाई यात्रा, मनोरञ्जन, तीर्थस्थल आदिमा विशेष सुविधा दिनुपर्ने ।

★ बृद्धहरूलाई लामो यात्रामा संलग्न नहुनको लागि आवश्यक सल्लाह सुझाव दिनुपर्ने आदि ।

**(३) सम्पत्ति शुद्धिकरण अपराध कसरी हुन्छ ? चर्चा गर्दै नेपालमा सम्पत्ति शुद्धिकरण निवारणसँग सम्बद्ध व्यवस्थाहरू बारे प्रकाश पार्नुहोस् ।**

**सम्पत्ति शुद्धीकरण अपराध हुने चरण/प्रक्रिया**

सम्पत्ति शुद्धीकरण भन्नाले गैरकानूनी कार्य गरी आर्जन गरेको सम्पत्तिलाई कानूनी स्रोतबाट प्राप्त भएको देखाउन त्यस्तो सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छल्ने कार्यलाई बुझिन्छ । सम्पत्ति शुद्धीकरण विभिन्न जटिल तथा बहुचक्रीय प्रक्रिया मार्फत राज्य संयन्त्रको दुरुपयोग गरी हुने गरेको पाइन्छ । सम्पत्ति शुद्धीकरण प्रक्रिया अन्तर्गत मूलतः देहायका तीन वटा चरणहरू पार हुने गरेको पाइन्छ –

**रकम राख्ने (Placement)**

**रकमको तहीकरण गर्ने (Layering)**

**सम्पत्ति एकीकृत र मूलप्रवाहीकरण गर्ने (Integration)**

***(क) रकम राख्ने (Placement)*** - सम्पत्ति शुद्धीकरण प्रक्रियाको पहिलो चरणको रुपमा *Placement* क्रियाकलाप रहेको हुन्छ । यस चरणमा सम्पत्ति शुद्धीकरणकर्ताले सामान्यतया अवैध एवं आपराधिक क्रियाकलापबाट प्राप्त आयलाई कुनै बैंक वा वित्तीय संस्थामा जम्मा गर्ने गर्दछ । उक्त गैरकानूनी आयको रकम शुद्धीकरणकर्ताले बैंक वा वित्तीय संस्थामा रकम निक्षेपको रुपमा, धनादेश (मनी अर्डर), द्रुत संदेश, तार स्थानान्तरण वा अन्य उपयुक्त विधिबाट जम्मा गर्ने गर्दछ । यसो गर्दा सम्पत्ति शुद्धीकरण निवारणसंग सम्वद्ध संयन्त्रले थाहा नपाउन् भनेर शुद्धीकरणकर्ताले ठूलो रकमलाई खण्डीकरण गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा झिक्ने र जम्मा गर्ने गर्दछ ।

***(ख) रकमको तहीकरण गर्ने (Layering)*** - सम्पत्ति शुद्धीकरण प्रक्रियाको दोश्रो चरणको Layering अन्तर्गत सम्पत्ति शुद्धीकरणकर्ताले त्यस्तो गैर कानूनी रुपमा आर्जित रकमको स्रोत एवं उत्पत्ति संम्बन्धमा थप अलग्याउने वा दुरी बढाउने प्रयास गर्दछ । यसका लागि उसले जटिल एवं बहु-चक्रीय वित्तीय कारोवारको सहारा लिन्छ । शुद्धीकरणकर्ताले सेयर, डिवेन्चरको खरिद-विक्री गर्ने, देश भित्रै वा वाहिरका विभिन्न देशमा आफ्नो वा आफन्तको नाममा रहेका खाताहरूमा दूरसंचार/तारमार्फत रकम स्थानान्तरण गर्ने तथा अस्तित्वमा नभएका वस्तु तथा सेवाको भूक्तानी गर्ने जस्ता क्रियाकलापहरू देखाएर त्यस्तो रकमको तहीकरण गर्ने गर्दछ ।

***(ग) सम्पत्ति एकीकृत र मूलप्रवाहीकरण गर्ने (Integration)*** - सम्पत्ति शुद्धीकरण प्रक्रियाको तेश्रो एवं अन्तिम चरणको Integration अन्तर्गत शुद्धीकरणकर्ताले विभिन्न निकायमा छरेर राखेको उक्त गैरकानूनी रुपमा प्राप्त आय रकमलाई एकीकृत गरी वैधानिक क्षेत्रमा प्रवाह गर्दछ । यस क्रममा उसले खासगरी घरजग्गा कारोवार, व्यापार व्यवसाय, स्थायी

Question Bank Nepal

सम्पत्ति वा संस्थागत क्षेत्र आदिमा लगानी गर्ने कार्य गर्दछ । यसरी पटक पटकको स्थानान्तरण र वैध बनाउने प्रयास गरेर उसले गैर कानूनी (कालो) आम्दानीलाई शुद्ध सम्पत्तिको रुपमा रूपान्तरण गरी सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई सम्पन्न गर्दछ । त्यसरी कालो धनबाट सेतो धनको रुपमा रूपान्तरण गरी सकेको सम्पत्तिलाई शुद्धीकरणकर्ताले निर्वाध रुपमा समाजमा परिचालन गर्ने गर्दछ ।

**सम्पत्ति शुद्धीकरण निवारणसँग सम्वद्ध व्यवस्था**

नेपालमा सम्पत्ति शुद्धीकरण निवारण गरी सुशासन र सदाचारका आधारमा राज्य व्यवस्था सञ्चालन गर्न हालसम्म भएका प्रयास तथा व्यवस्थाहरूलाई संस्थागत र कानुनी व्यवस्था गरी देहायबमोजिम व्यक्त गर्न सकिन्छ –

| कानुनी प्रयास/व्यवस्था | संस्थागत प्रयास/व्यवस्था |
|---|---|
| □ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिंग) निवारण ऐन, २०६४ | □ सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय समन्वय समिति (अर्थ मन्त्रालय अन्तर्गत) |
| □ विशेष अदालत ऐन, २०५९ | □ कार्यान्वयन समिति (राष्ट्रिय समन्वय समिति अन्तर्गत) |
| □ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०६६ | □ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग (अर्थ मंत्रालय अन्तर्गत) |
| □ नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाइबाट विभिन्न समयमा जारी भएका सम्पत्ति शुद्धीकरण सम्बन्धी विभिन्न निर्देशनहरू | □ वित्तीय जानकारी इकाई (नेपाल राष्ट्र बैंक अन्तर्गत) |
| □ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०६८-२०७३) | □ वित्तीय जानकारी इकाईमा जानकारी दिने सूचक संस्थाहरू |
| | □ नेपाल प्रहरी तथा सशस्त्र प्रहरी (गृह मंत्रालय अन्तर्गत) |
| | □ महान्यायाधिवक्ताको कार्यालय तथा विशेष अदालत |

नेपालमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा हालसम्म भएका माथी उल्लेखित कानूनी र संस्थागत व्यवस्थाहरू मध्ये विशेष संस्थागत व्यवस्थाका रुपमा राष्ट्रिय समन्वय समिति, कार्यान्वयन समिति, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र वित्तीय जानकारी इकाई सम्बन्धी व्यवस्थालाई लिन सकिन्छ ।

**सम्पत्ति शुद्धीकरण अपराध निवारणको आवश्यकता**

सम्पत्ति शुद्धीकरण अपराधको निवारण मूलतः देहायका कारणबाट जरुरी देखिएको छ –

★ शंकास्पद कारोवार पहिचान गरी सम्भावित अभियुक्तलाई अनुसन्धान, तहकिकात एवं अभियोजन गरी कानूनी दायरामा ल्याउन,
★ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने लगानीलाई अपराधीकरण गर्न,
★ सम्पत्ति शुद्धीकरण गर्ने अपराधीलाई कानूनको दायरामा ल्याई दण्ड सजाय गर्न,
★ सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी हुने कार्यबाट आर्जित सम्पत्ति जफत गर्न,
★ सम्पत्ति शुद्धीकरण निवारणमा राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सहयोगको अदानप्रदान गर्न,
★ भविष्यमा अपराधीहरूले गैर कानूनी कार्यबाट सम्पत्ति शुद्धीकरण गर्न नसक्ने वातावरण सिर्जना गर्न र
★ राष्ट्रिय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय अर्थतन्त्रको स्वस्थ्य ढंगले विकास गर्न ।

**(४) नेपालको वैदेशिक रोजगारको क्षेत्रमा देखिएका समस्याहरू र ती समस्या समाधानका उपायहरू उल्लेख गर्दै यस क्षेत्रमा हुने ठगीबाट जोगिन जान्नैपर्ने कुराहरू के के हुन् सक्दछन् ? लेख्नुहोस् ।**

**वैदेशिक रोजगारको क्षेत्रमा देखिएका समस्याहरू**

खासंगरी नेपालजस्तो विकासोन्मुख राष्ट्रहरूको आर्थिक विकासको एक महत्वपूर्ण पक्षको रुपमा वैदेशिक रोजगारी देखा परेको छ । वैदेशिक रोजगारलाई विश्व्यापीकरणको अवधारणले अझ सहज बनाएको छ । नेपालको अर्थ व्यवस्थामा वैदेशिक रोजगारको भूमिका महत्वपूर्ण रहेको देखिन्छ । वैदेशिक रोजगारीबाट भित्रिने Remittance ले GDP को २३% हिस्सा ओगटेको छ । देशभित्रका उद्योग, व्यावसाय लगायत सम्पूर्ण आर्थिक क्षेत्र धरासायी भएको द्वन्द्वको अवस्थामा पनि देशको अर्थतन्त्रलाई सहयोग गरेको क्षेत्र हो वैदेशिक रोजगार । देश भित्रै रोजगारीको अवसर सिर्जना हुन नसकेको हाम्रो देशका लागि वर्तमान समयमा वैदेशिक रोजगार बेरोजगार जनशक्ति व्यवस्थापनको माध्यमं पनि हो । वर्तमान समयमा अर्थतन्त्रमा ठूलो योगदान गरिरहेको भए पनि वैदेशिक रोजगारको क्षेत्रमा विभिन्न समस्याहरू व्याप्त छन् जसमध्ये केही प्रमुख समस्याहरू देहायबमोजिम छन् :-

★ कमजोर नीति नियम एवम् फितलो कारबाहीका कारण वैदेशिक रोंजगारको नाममा मानव बेचबिखन हुने गरेको,
★ वैदेशिक रोजगारीमा जाने अधिकांश युवाहरू अशिक्षित हुने गरेकोले उनीहरूलाई ठगी गर्ने, भनेको कम्पनी, काम र तलबमा फरक पर्ने गरेको,
★ वैदेशिक रोजगारका क्षेत्रमा संलग्न म्यानपावर कम्पनी, एजेन्ट, सब एजेन्ट एवम् कामदारको समेत उचित व्यवस्थापन गर्न नसकिएको,

Question Bank Nepal

★ वैदेशिक रोजगारीमा जाने कामदाहरूलाई आवश्यक मात्रामा अभिमुखीकरण तथा तालिम प्रदान गर्न नसकिएको,

★ गैर कानूनी रुपमा वैदेशिक रोजगारमा जाने कार्य बन्द गर्न नसकिनु साथै रोजगारीका लागि जाने युवाको सुरक्षा र स्वास्थ्यको ग्यारेण्टी गर्न नसकिनु,

★ वैदेशिक रोजगारमा जाने व्यक्तिलाई नक्कली कागजातका आधारमा रोजगारीमा पठाउने प्रवृत्ति रहेको जसले गर्दा Airport बाटै फर्किनु पर्ने र यदि विदेश पुगि हाले मा पनि दुःख पाउने गरेको,

★ घरेलु कामदारका रुपमा जाने खास गरी महिला कामदारको शोषण हुने गरेको,

★ वैदेशिक रोजगारबाट प्राप्त आय उत्पादनशील क्षेत्रमा खर्च हुन नसकेको, उपभोग र आयात मात्र बढाएको आदि ।

**वैदेशिक रोजगारीले अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभाव**

- विप्रेषण (Remittance) प्राप्ती
- गरिबी निवारणमा सहयोग
- सहस्राब्दी विकासका लक्ष्य पूरा गर्न सहयोग
- आयको फैलावट र आर्थिक गतिशिलता
- लगानी, ज्ञान र उद्यमशीलताको माध्यमक
- आधारभूत ओवश्यकताको परिपूर्तिमा सहयोग
- रोजगारीका अवसरहरुको सिर्जना
- आर्थिक, सामाजिक संरचनामा सकारात्मक योगदान
- आर्थिक सामाजिक मूलप्रवाहीकरण
- वैदेशिक मुद्रा आर्जन तथा सोधनान्तर बचत आदि ।

**समस्या समाधानका उपायहरू**

★ वैदेशिक रोजगारसँग सम्बन्धित नीति नियमहरू तयार गरी कार्यान्वयन गर्ने,

★ अन्तर्राष्ट्रिय आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्न आवश्यक शिक्षा, तालिम र सीप विकास गर्ने,

★ वैदेशिक रोजगारमा जानका लागि आवश्यक पर्ने रकम सहुलियतपूर्ण ब्याजदरमा उपलब्ध गराउने व्यवस्था मिलाउने,

★ कामदारहरू बढी जाने मुलुकमा यथासक्य छिटो कुटनैतिक नियोगको स्थापना गर्ने र उनीहरूले कामदारहरूको हितका लागि भूमिका निर्वाह गर्ने कुराको सुनिश्चितता गर्ने,

★ वैदेशिक रोजगारीमा जान अवाश्यक कागजातहरू ठीक छन् वा छैनन् भनी परीक्षण गर्ने भरपर्दो व्यवस्था मिलाउने,

★ वैदेशिक रोजगारीमा रहेका बखत आइपर्ने समस्या निराकरणको लागि कुटनीतिक नियोग सक्रिय एवम् संवेदनशील रहि समस्या समाधानको पहल गर्ने,

★ कामदारले निर्धारित काम र तलब सुविधा नपाएको गुनासो गरेमा त्यसको उचित व्यवस्थापनका लागि सम्बन्धित Manpower Company लाई जवाफदेही बनाउने,

★ वैदेशिक रोजगारमा रहेका व्यक्तिले स्वदेशमा पठाउने Remmitance लाई उत्पादनशील क्षेत्रमा खर्च गर्न प्रोत्साहित गर्ने आदि ।

**वैदेशिक रोजगारीले अर्थतन्त्रमा पार्ने नकारात्मक प्रभाव**

- पारिवारिक विखण्डनले समाजलाई अधोगतितर्फ धकेल्ने
- स्वदेशी उत्पादनमा राज्यलाई परनिर्भरतामा वृद्धि
- स्वदेशी श्रमबजारमा विदेशी श्रमिकहरुको प्रभुत्व
- प्रतिभा पलायनले गर्दा नवीनतम प्रविधि अंगाल्न नसकिनु
- परिवार एवम् गाउँ समाजमा बालबालिका, महिला तथा बृद्धबृद्धाहरु मात्र रहने अवस्था सिर्जना
- गाउँ समाजको विकास निर्माणमा श्रमजिवीहरुको अभाव
- विप्रेषणको सही उपयोग हुन नसक्दा बालुवामा पानीको स्थिति सिर्जना

**वैदेशिक रोजगारीमा जाने युवाहरूले जान्नैपर्ने कुराहरू**

देशभित्र रोजगारीका अवसरहरूको कमीले दैनिक रुपमा करिब एक हजार सात सय युवाहरू विदेशिनु हाम्रो देशको नियति नै भइसकेको छ । एकातिर देशभित्र रोजगारीको अवसर नहुनु अर्कोतर्फ शिक्षा एवम् सचेतनाको कमीको कारणले हामी कहाँबाट विदेशिने Unskilled labour विभिन्न पक्षबाट ठगिने गरेको तथ्य हाम्रा सामु घाम जस्तै छर्लङ्ग छ । अहिलेको अवस्थामा तुरुन्त तुरुन्तै देशभित्र रोजगारीको अवसर सिर्जना गर्न सक्ने सामर्थ्य राज्यको समेत नभएकोले वैदेशिक रोजगारीमा जाने युवाहरूले निम्न कुराहरू बारेमा जानी राखेमा विभिन्न पक्षबाट हुने ठगीबाट बच्न सकिन्छ :-

★ केही सीप सिकेर आफूले गर्ने, गर्न सक्ने र जान्ने कामका बारेमा, पाउने तलबका बारेमा राम्ररी जानीबुझी मात्र जानुपर्दछ ।

★ लाग्ने खर्च र प्राप्त हुने आम्दानीका बारेमा तुलना गरी लाभ हुने काममा मात्र जानुपर्दछ ।

★ घर परिवारसँग सल्लाह, परामर्श गरी सहमतिमा मात्र जानुपर्दछ ।

★ वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जानुपर्दछ ।

★ वैदेशिक रोजगारीमा जाँदा दुर्घटनमा परी मृत्यु वा अंगभंग हुन सक्दछ । बिमा गर्दा कामदारलाई र उस्को परिवारलाई आर्थिक सहयोग प्राप्त हुन्छ ।

★ वैदेशिक रोजगारमा जाँदा विश्वासिलो र भरपर्दो Manpower Company मार्फत जानुपर्दछ ।

Question Bank Nepal

व्यावसायिक वा Visit Visa मा जानु हुँदैन र जानी जानी गलत कागजात बनाई पनि जानु हुँदैन ।

★ वैदेशिक रोजगारमा जानका लागि पैसा बुझाएपछि व्यहोरा खुलाई भरपाई लिनु पर्दछ । कति खर्च लाग्छ राम्रारी बुझ्नुपर्दछ । कुनै Agent वा Company ले भरपाई दिन आनकानी गरेमा ठगिकै नियत भएको बुझ्नुपर्दछ ।

★ स्वदेशी विमानस्थलबाट मात्र जानु पर्दछ । अन्य छिमेकी देशको बाटो गरेर जानु हुँदैन, बेचिन वा ठगीमा पर्न सकिन्छ ।

★ आफू जाने देशको भौगोलिक स्थिति, हावापानी, रहन सहन, धर्म, कानून, काम गर्ने वातावरण आदि बारेमा सामान्य जानकारी लिनुपर्दछ । यसका लागि पूर्व प्रस्थान अभिमुखीकरण तालिम अनिवार्य रुपमा लिनु पर्दछ ।

★ वैदेशिक रोजगारीमा जाँदा आवश्यक सबै कागजातहरूको एक एक प्रति आफू र आफ्नो परिवारको साथमा राख्नु पर्दछ ।

★ वैदेशिक रोजगारीका क्रममा ठगीमा परे वैदेशिक रोजगार विभागमा उजुरी गर्नुपर्दछ ।

★ वैदेशिक रोजगार सम्बन्धी कुनै पनि सूचना वा जानकारीका बारेमा बुझ्नु परेमा वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयमा सम्पर्क गरी बुझ्न सकिन्छ ।

★ आम सञ्चार माध्यमले प्रकाशन गरेको वैदेशिक रोजगारको सूचना/विज्ञापन सही भए नभएको बुझ्नुपर्दछ । गलत विज्ञापन गरी पैसा उठाई ठगी गर्न सक्छन् ।

★ सरकारले निषेध गरेको देशमा र काममा जानु हुँदैन ।

★ वैदेशिक रोजगारीमा जाने कामदारले सम्बन्धित Manpower Company बाट नेपाली भाषाको करार पत्र लिनु पर्दछ ।

निष्कर्षमा भन्दा आर्थिक विकासका समग्र पक्षहरूको सन्तुलित विकास बिना कुनै पनि देशको विकासले गति लिन सक्दैन । अहिलेको भुमण्डलीकरणको जमानामा विश्व मानचित्रमा आफ्नो सम्मानजनक पहिचान कायम राख्न देशले आर्थिक रुपमा समुन्नत हुनै पर्दछ । जसका लागि कृषि, उद्योग, व्यापार, पर्यटनका क्षेत्रमा योजनाबद्ध लागनीको अलावा मानव श्रोतमा बढी भन्दा बढी लागनी गरी उनीहरूलाई दक्ष एवम् सक्षम बनाउने कार्य गर्न सकेमा आफ्ना कामदारले विदेशीएको खण्डमा पनि राम्रो काम र पारिश्रमिक प्राप्त गर्न सक्दछन् जसको प्रतिफलस्वरुप देश भित्र आउने Remittance मा वृद्धि भई समग्र आर्थिक विकासमा सघाउ पुग्ने हुन्छ ।

**वैदेशिक रोजगारीलाई व्यवस्थित र प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरु**

- नीति तथा कार्यगत सुधार
- तालिम क्षमता र सीप विकास
- वैदेशिक रोजगारलाई योजना तथा विकासमा एकीकृत गर्ने
- जानकारी प्रवाह, सचेतना विकास र परामर्श सेवा
- विप्रेषण व्यवस्थापन (आर्थिक साक्षरता)
- महिला कामदारको सरोकारलाई सम्बोधन
- समन्वय र सहकार्य
- वैदेशिक रोजगार प्रशासनमा सुशासन
- सेवा उद्योगको रुपमा विकास
- नियमन तथा अनुगमन प्रभावकारी बनाउने ।

**(५) प्रविधि हस्तान्तरण भनेको के हो ? यसका उद्देश्यहरू उल्लेख गर्दै प्रविधि हस्तान्तरणको प्रक्रियाबारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।**

**प्रविधि हस्तान्तरण (Technology transfer)**

प्रविधि हस्तान्तरण भन्नाले विकसित देशहरूमा आविष्कार भई प्रयोगमा आएका उन्नत प्रविधि विकासोन्मुख एवम् विकासशील देशमा भित्र्याउनुलाई बुझिन्छ । प्रविधि हस्तान्तरण सीप, प्रविधि, अन्वेषण, ज्ञान, प्रक्रिया हस्तान्तरण हुने एउटा प्रक्रिया हो ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा २(ग) अनुसार प्रविधि हस्तान्तरण भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच देहायको कुराको सम्बन्धमा गरिने सम्झौतालाई सम्झनुपर्छ :-

- विदेशी उत्पत्तिको प्रविधि सम्बन्धी अधिकार, विशिष्टता, फर्मूला, प्रक्रिया, पेटण्ट र प्राविधिक ज्ञानको उपयोग गर्ने,
- विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने र
- वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन एवम् बजार सेवा उपलब्ध गर्ने ।

प्रविधि हस्तान्तरण एक क्षेत्रमा विकास एवम् प्रयोग भएको विकसित प्रविधिको बारेमा अर्को क्षेत्रलाई जानकारी दिने कार्य हो जुन व्यावसायिक वा गैर व्यावसायिक रुपमा हुन सक्दछ । समग्रमा भन्दा विश्वव्यापी रुपमा अध्ययन, अन्वेषण, र अनुसन्धानबाट प्राप्त प्राविधिक ज्ञान, सीप, दक्षता, प्रविधि, प्रक्रिया, वस्तु वा सेवा आदिको हस्तान्तरण एक स्थानबाट अर्को स्थानमा, एक संगठनबाट अर्को संगठनमा, एक सरकारबाट अर्को सरकारमा, एक राष्ट्रबाट अर्को राष्ट्मा गरिने प्रक्रिया नै प्रविधि हस्तान्तरण (Technology Transfer) भनिन्छ ।

**प्रविधि हस्तान्तरणका उद्देश्यहरू**

★ नवीनतम प्रविधिहरूलाई मानवीय हितका लागि उपयोग गर्नु,

★ वस्तु र सेवाको गुणस्तरमा अभिवृद्धि गर्नु,



Question Bank Nepal

★ उत्पादकत्व वृद्धिका माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता बढाउनु,
★ प्रविधिको व्यापारमार्फत आर्थिक लाभ हासिल गर्नु,
★ दिगो विकास, फराकिलो आर्थिक वृद्धि तथा रोजगारीको सिर्जना गर्ने,
★ ज्ञानमा आधारित सामाजिक तथा व्यावसायको स्थापना गर्नु,
★ अन्तर्राष्ट्रिय व्यापारमा गतिशीलता एवम् वृद्धि ल्याउनु,
★ ज्ञान, सीप र नवीन पद्दतिको विश्वव्यापी रुपमा विस्तार गर्नु,
★ आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरणको अवधारणालाई आत्मसात गर्नु,
★ मानवीय क्षमताको विकास सँगै उत्पादन र सेवा क्षेत्रको उत्पादकत्व बढाउनु आदि ।

**प्रविधि हस्तान्तरणका माध्यमहरू**

★ संयुक्त उपक्रमको माध्यामबाट (Joint Ventures-JV)
★ आपूर्तिकर्ताबाट प्रत्यक्ष लगानी (Direct Investment by suppliers)
★ व्यवस्थापकीय करार (Management contract with suppliers)
★ टर्न की संझौताको माध्यामबाट (Turn key contract )
★ दक्ष इन्जिनियर र कामदार नियुक्तिको माध्यमबाट
★ Patent License Agreement को माध्यमबाट
★ प्रविधिको हस्तान्तरण आपूर्तिकर्ताका प्रतिनिधिहरू मार्फत
★ प्रविधिको प्रयोग गर्ने अन्य संस्थाहरू आदि ।

**(६) नेपालमा मानव विकासको अवस्थाबारे चर्चा गर्दै नेपालमा मानव विकासका समस्या एवम् ती समस्या समाधानका उपायहरू के के हुन सक्दछन् ? सुझाउनुहोस् ।**

**नेपालमा मानव विकासको अवस्था**

★ मानव जातिलाई विकासको केन्द्रविन्दु मानेर गरिने आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक सबै किसिमको विकासलाई नै मानव विकास भनिन्छ ।
★ सन् १९८० को दशकदेखि अगाडि आएको मानव विकासको अवधारणामा पुर्नविचार गर्दै विकासको साध्य र साधन दुवै मानिस हो भन्ने मान्यता सहित संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले सन् १९९० देखि मानव विकास प्रतिवेदन (Human Development Report) प्रकाशन गर्न थाले पछि यो अवधारणाको घनिभूत रुप आएको हो ।
★ UNDP ले हरेक वर्ष प्रकाशन गर्ने मानव विकास प्रतिवेदनमा देशगत रुपमा मानव विकास सूचकांक (Human Development Index-HDI) लाई उल्लेख गर्दछ ।

पछिल्लो पटक सन् २०१४ मा सार्वजनिक भएको Human Development Report -2014 मा नेपालको स्थिति यसप्रकार रहेको छ :-

- HDI Rank : 145 country of 187 countries
- HD Index (HDI) : 0.540
- Life Expectancy by Birth : 68.8 years
- Adlt Literaacy Rate : 59.57%
- Per Capita Income : 1160 US Dollor PPP.
- Groups : Low Human Development Countries (LHDC)

★ UNDP ले HDI मापन गरी विश्वका देशहरूलाई अति उच्च मानव विकास भएका मुलुक, उच्च मानव विकास भएका मुलुक, मध्यम मानव विकास भएका मुलुक र न्यून मानव विकास भएका मुलुक गरी चार ओटा वर्गमा विभाजन गर्दछ । ती वर्गहरू मध्ये नेपाल न्यून मानव विकास भएका मुलुकहरूको वर्गमा पर्दछ ।

**मानव विकासका समस्याहरू र समाधानका उपायहरू**

**मानव विकासका समस्याहरू**

★ बढ्दो जनसंख्या वृद्धि, एवम् गरिबी र निरक्षरता मानव विकासमा बाधक रहेका ।
★ कमजोर अर्थतन्त्र एवम् राजनीतिक अस्थिरताका कारण आर्थिक लगानी र पूँजी वृद्धि हुन नसक्दा प्रतिव्यक्ति आय न्यून हुनु ।
★ विकासका पूर्वाधार एवम् शिक्षा, स्वास्थ्य आदि जस्ता सामाजिक क्षेत्रमा पर्याप्त लगानी गर्न नसक्दा रोजगारीका अवसरहरू विस्तार हुन नसक्नु ।
★ उपयुक्त आर्थिक नीतिको अभावका कारण धनी र गरिब बीचको असमानता कम गर्न नसकिएको ।
★ सामाजिक, सांस्कृतिक विभेद, बहिष्करण तथा बञ्चितीकरण विद्यमान रहनु ।
★ लक्षित कार्यक्रमहरू पर्याप्त नहुनु र भएमा पनि सही कार्यान्वयन हुन नसक्नु ।
★ क्षेत्रीय सन्तुलन कायम गर्न अवलम्बन गरिएका रणनीतिहरू प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।
★ सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू अपेक्षित रुपमा प्रभावकारी नहुनु ।

**समस्या समाधानका उपायहरू**

★ नागरिक सशक्तिकरणको लागि समतामूलक समाजको निर्माण र समन्यायिक न्यायको प्रयोग गर्ने ।

Question Bank Nepal

★ भौतिक पूर्वाधार एवम् सामाजिक विकासका क्षेत्रहरुमा लगानी वृद्धि गरी आयमूलक रोजगारीका अवसरहरू सिर्जना गर्ने ।
★ उत्तरदायी एवम् राजनीतिक परिपाटीको अवलम्बन गरी मानव विकासलाई शासन प्रक्रियाको केन्द्रमा राखी कार्य गर्ने ।
★ वैज्ञानिक एवम् व्यावसायिक कृषि प्रणालीमा जोड दिनुका साथै व्यावसायिक तथा प्राविधिक शिक्षाको विकास र विस्तार गर्ने ।
★ सक्षम एवम् प्रभावकारी आर्थिक नीति मार्फत स्थानीय श्रम र सीपको परिचालनामा जोड दिनुपर्ने ।
★ सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
★ मानव संसाधन विकासका लागि जनमुखी नीति, योजना र कार्यक्रम निर्माण तथा तिनको सही कार्यान्वयन गर्ने ।
★ सहकारीमार्फत लघु, घरेलु तथा स्थानीय श्रोत साधन र सीपमा आधारित व्यावसाय सञ्चालनमा जोड दिनुपर्ने ।
★ समावेशी एवम् समन्यायिक विकासका लागि दीर्घकालीन रणनीतिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
★ Remmittance लाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने साथै वैदेशिक लगानी आकर्षित गर्न उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने ।
★ विकासका सम्पूर्ण प्रयासहरू मानवकेन्द्रित गराई कार्यक्रम कार्यान्वयन गर्ने निकायबीच समन्वय सुदृढ बनाउनुपर्ने ।

निष्कर्षमा भन्दा मानव विकास नै साँचो अर्थमा विकास हो किनकी मानव विकासले नै व्यक्तिको वा मानव समुदायको समग्र जीवनस्तरमा सुधार ल्याउँछ । विश्वका अधिकांश विकसित मुलुकहरुले मानवीय विकासका क्षेत्रमा राम्रो लगानी गर्न सकेका कारण त्यहाँको मानवीय संसाधनले बढी प्रतिफल दिन सकेको अवस्था छ । तसर्थ नेपालले पनि देशलाई आत्मनिर्भर बनाई अन्तर्राष्ट्रिय जगतमा आफ्नो पहिचान कायम राख्न मानव विकासका क्षेत्रमा लगानी गर्नु नितान्त आवश्यक छ ।

**(७) सूचना तथा सञ्चार प्रविधि भन्नाले के बुझिन्छ ? विकासमा सूचना तथा सञ्चार प्रविधिको भूमिका बारे बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।**

**सूचना तथा सञ्चार प्रविधि (ICT)**

सञ्चारका साधन, सञ्चार प्रक्रिया र प्रविधिको संयोजित रुप सूचना तथा सञ्चार प्रविधि हो । आर्को शब्दमा भन्नुपर्दा सूचना तथा सञ्चार प्रविधि (ICT) कम्प्युटरमा आधारित सूचना तथा सञ्चार व्यवस्थापन प्रणाली हो, जसले सूचना, तथ्याङ्क तथा जानकारीहरूको सुरक्षित ढंगबाट संकलन, संयोजन, आंकलन, परिमार्जन, प्रशोधन, विश्लेषण, भण्डारण, संरक्षण, उपयोग र सम्प्रेषण गर्न 'कम्प्युटरजन्य हार्डवेयर र सफ्टवेयर' को प्रयोग गर्दछ ।

सूचना तथा सञ्चार प्रविधि सूचना तथा जानकारीमा पहुँच सिर्जना गर्दै तिनीहरूको भण्डारण, प्रशारण एवम् आवश्यकता अनुसार sharing गर्न सक्ने सञ्चारको त्यस्तो एकिकृत प्रविधि हो , जसमा दुरसञ्चारजन्य सेवा र कम्प्युटर प्रविधिलाई एकैसाथ संयोजन गरिएको हुन्छ ।

सूचना तथा सञ्चार प्रविधिको अवधारणागत प्रयोग सन् १९८०को दशकबाट प्रचलनमा आएको हो यसभन्दा अघि Infromation communcation Technology (ITC) नभनेर Information Technology (IT) मात्र भनिन्थ्यो । सूचना प्रविधिले मात्र कुनै पनि निर्णय एवम् विकासमा आवश्यकता अनुसार योगदान पुऱ्याउन नसकेका कारण ICT को अवधारणा ल्याइएको हो ।

सूचना तथा सञ्चार प्रविधि तथ्यांकको संकलन, प्रशोधन तथा सञ्चय समेत गर्ने र आवश्यकता अनुसार सूचनाको रुपमा उपयोग गर्न सकिने गरी व्यवस्थित गर्नका लागि प्रयोग गरिने सबै किसिमका प्रविधिहरू एवम् संयन्त्रको एकिकृत रुप हो, भने Electronic media, multi media, computer तथा यसमा प्रयोग हुने software हरु telephone, mobile phone, Internet, websites हरू सूचना तथा सञ्चार प्रविधिका माध्यामहरू हुन् ।

**विकासमा आईसिटी (ICT) को भूमिका**

*"Information Communication is power."*

सामजिक-आर्थिक विकास, अन्तर्राष्ट्रिय सम्बन्ध विकास, मानव अधिकारको सम्बर्द्धन जस्ता विकासका हरेक आयामहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) ले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । समग्रमा विकासमा सूचना तथा सञ्चार प्रविधिको भूमिकालाई देहाय बमोजिमका बुँदामा उल्लेख गर्न सकिन्छ :-

★ ICT ले उपलब्ध सूचनालाई उपयोग गरी मुलुकमा दिगो आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पूर्वाधारको विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।
★ कुनै पनि तथ्यांकीय विषयलाई सूचनामा परिवर्तन गरी सबै सामू पुऱ्याई विकास प्रकृयामा ती तथ्यांकहरुको उपयोग गरी नतिजामुखी गराउन सहयोग गर्छ ।
★ ICT ले भौगोलिक विकटताका कारण विकास निर्माणमा हुने कठिनाइहरुलाई सहज बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।
★ अन्तर्राष्ट्रिय स्तरमा भएका विकास सम्बन्धि राम्रा अभ्यासहरू तथा नीति नियम र प्रविधिको Transfer लाई सहज बनाउँदछ ।
★ ICT ले विकास निर्माणमा लाग्ने समय एवम् श्रममा बचत गर्दछ जसले गर्दा समग्र कार्यको लागतमा कमी ल्याउँदछ ।
★ विकासका साझेदारहरूबीच समन्वय गर्न एवम् विकासका विभिन्न क्षेत्रहरू बीचमा सम्बन्ध स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

Question Bank Nepal

★ ICT ले विकास सम्बन्धि सम्पादित कार्यहरुको प्रचार प्रसार गरी उपभोक्ताको छनोटको अवसरमा वृद्धि गर्दछ ।

★ ICT ले सन्तुलित विकास तथा उपलब्ध सीमित श्रोत साधनको कुशलतापूर्वक एवम् मितव्ययी तरिकाले प्रयोग गर्न सहयोग गर्दछ ।

★ ICT ले रोजगारी सिर्जनाका माध्यमबाट बेरोजगारी समस्याको समाधान गर्न सहयोग पुर्‍याई मानव विकासमा महत्वपूर्ण भूमिका खेल्दछ ।

★ ICT ले बौद्धिक उद्योगहरूको विकास र विस्तार गरी ज्ञानमा आधारित समाजको निर्माणमा सघाउ पुर्‍याउँदछ ।

★ मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रवर्द्धनमा सहयोग गर्नुका साथै व्यक्तिको ज्ञानको दायरालाई फराकिलो र अद्यावधिक बनाउन समेत सहयोग गर्दछ ।

अन्त्यमा, सूचना तथा सञ्चार प्रविधि (ICT) सूचनाको हक प्रत्याभूति गर्ने एक शसक्त माध्यम हो । सूचना प्रविधिमा निर्णय निर्माणका लागि आवश्यक जानकारी एवम् सूचनाहरू उपलब्ध त हुन्छन् तर त्यसको उचित समयमा sharing को अभावमा त्यसको कुनैपनि अर्थ रहँदैन त्यसैले सूचनालाई आवश्यक परेको समय एवम् स्थानमा उचित तरिकाले आदान प्रदान गर्न सकिने गरी सूचनालाई सञ्चार प्रविधिसँग संयोजन गरी तयार गरिएको समग्र सञ्जाल नै ICT हो ।

**(८) धान्न सक्ने क्षमता (Carrying Capacity) ले के जनाउँछ ? भूमिको धान्न सक्ने क्षमताको बारेमा चर्चा गर्दै नेपालमा भूमिको धान्न सक्ने क्षमता ह्रास गराउने सन्दर्भमा देखिएका कारणहरु र समस्या समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।**

**धान्न सक्ने/बहन गर्ने क्षमता**

★ "Carrying Capacity" ले पृथ्वीको वातावरणले दिगो र अन्नतकालसम्म वहन गर्न/धान्न सक्ने जनसंख्याको मात्रालाई जनाउँदछ । यसले केवल मानवीय जनसंख्यालाई मात्र नभई सबै जीवजन्तु, वनस्पति लगायतका गरी मानवीय जीवात्माहरू समेतको संख्यालाई समेत समेट्दछ ।

★ धान्न सक्ने क्षमता सम्बन्धी अवधारणाले भावीपुस्ताहरूलाई आवश्यक पर्ने साधन श्रोतको उपयोग वा क्षमतामा कुनै नकारात्मक असर नपर्ने गरी वर्तमान समयमा प्राकृतिक स्रोत साधन र जनसंख्याको समुचित व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिन्छ ।


★ विश्वव्यापी रुपमा भएको तीव्र जनसंख्या वृद्धि र विकासका नाममा पृथ्वी र वातावरणमाथि हुने अनेकन शोषण एवम् प्रहारबाट सीमित रुपमा रहेका भूमि, जल र प्राकृतिक स्रोतहरूमा परेको नकारात्मक असरबाट पृथ्वीलाई बचाई राख्न "Carrying Capacity" सम्बन्धी मुद्दा अघि सारिएको हो । यसले जनसंख्या र पर्यावरण बीच हुनुपर्ने सकारात्मक एवम् दिगो अन्तरक्रियालाई संकेत गर्दछ ।

★ कुनै पनि स्थानको बहन क्षमता स्थिर हुँदैन किनकी यसलाई जनसंख्याको चाप, स्रोत साधनको उपलब्धता, उपयोग गर्ने तौरतरिका, प्रविधिको उपलब्धता एवम् सुदृढता, मौजुदा संस्कृति, व्यापार एवम् विनिमय फोहोरमैला व्यवस्थापन जस्ता पक्षहरूले प्रभाव पार्ने गर्दछ ।

★ प्रविधिको सुधार प्रयोगमा अनुकूलन जस्ता पक्षमा ध्यान दिई बहन क्षमता बढाउन सकिएता पनि यसरी बढाइएको कृत्रिम बहन क्षमताले वातावरणमा दबाब परिवहन सक्ने हुँदा त्यो बहन क्षमता दीर्घकालीन नहुन पनि सक्दछ । त्यसैले कुनै पनि स्थानको प्राकृतिक बहन क्षमताको पहिचान त्यहि क्षमतालाई सीमाविन्दु बनाई मानवीय गतिविधिहरूको अगाडि बढाउन सकेमा मात्र धान्न सक्ने क्षमतालाई दिगो र अन्नतकालसम्म कायम राख्न सकिन्छ ।

★ वर्तमान अवस्थामा विश्वव्यापी रुपमा देखिएको तीव्र जनसंख्या वृद्धि र मानिसहरूले आफ्नो उपभोगका शैलीमा ल्याएको विस्तार र व्यापकताले प्राकृतिक स्रोत र साधनको विनाश व्यापक दरमा वृद्धि भइरहेको छ ।

★ निरन्तर रुपमा तीव्र गतिमा बढ्दो र अव्यवस्थित जनसंख्याले प्राकृतिक तत्वहरूबीच बहन गर्ने क्षमतामा क्रमशः साँघुर्‍याउँदै जानु आजको विश्वको प्रमुख चुनौतीको रुपमा रहेको छ ।




**भूमिको धान्न सक्ने क्षमता**

★ भूमि प्रकृतिमा उपलब्ध सीमित प्राकृतिक स्रोत हो किनकी पृथ्वी दुई भाग पानी र एक भाग भूमिले बनेको छ ।

★ पृथ्वीमा उपलब्ध भूमिको सीमित आकारले दिगो र अन्नतकालसम्म थेग्न सक्ने जनसंख्याको अधिकतम चापलाई नै भूमिको धान्न सक्ने/बहन गर्ने क्षमता भनिन्छ । यसले सदैव पृथ्वीमा उपलब्ध भूमिको सही सन्तुलित र दिगो उपयोगमा जोड दिन्छ ।

★ बढ्दो जनसंख्याको चाप समेतको कारणले भूमिको अनियन्त्रित एवम् अव्यवस्थित प्रयोग हुन गई भूमिको धान्न सक्ने क्षमतामा प्रतिकूल असर पुर्‍याई रहेको पाइन्छ ।

Question Bank Nepal

★ भूमिले धान्न सक्ने क्षमतामा परिरहेको प्रतिकूल असरका कारण एकातर्फ वर्तमानमा भूमीलाई समूचित ढंगले उपयोग गरी अधिकतम लाभ हासिल गर्नमा नकारात्मक असर पुग्ने अर्कोतर्फ भावीपुस्ताको भूमी उपभोग गर्न पाउने अधिकार हनन हुनुका साथै अन्ततः मानव अस्तित्व र पृथ्वीलाई नै बचाउन नसकिने अवस्था उत्पन्न हुन सक्ने तर्फ विश्वले आजैबाट सोची भूमिको धान्न सक्ने क्षमतालाई बुझेर यसको सही उपभोग गर्न जरुरी भई सकेको छ ।

| भूमिको उपयोगका हिसाबले नेपालको भूमि | |
|---|---|
| ▫ खेतीयोग्य भूमि | करिब २० प्रतिशत |
| ▫ वन क्षेत्र रहेको भूमि | ३९.६ प्रतिशत |
| ▫ चरण क्षेत्र रहेको भूमि | १२ प्रतिशत |
| ▫ हिउँ तथा चट्टान क्षेत्र | १७.२ प्रतिशत |
| ▫ जल क्षेत्र रहेको भूमि | २.६ प्रतिशत |

★ कृषि प्रधान मुलुक नेपालमा यी विभिन्न भूमी क्षेत्रहरूको उचित व्यवस्थापनद्वारा भूमिको अनियन्त्रित, असन्तुलित एवम् असुरक्षित उपभोगबाट बचाई यहाँको भूमीको धान्न सक्ने क्षमतालाई दिगो रुपमा बचाई राख्न आजको आवश्यकता हो ।

**नेपालमा भूमीको धान्न सक्ने क्षमता ह्रासमा जिम्मेवार कारण**

★ अव्यवस्थित रुपमा बसोबास क्षेत्र एवम् सहरीकरण विस्तार हुँदै जानु,
★ भूमीजन्य पूर्वाधार विकास सम्बन्धी कच्चापदार्थको अवस्थित संकलन एवम् उत्खनन हुनु,
★ कृषियोग्य भूमी गैर कृषि प्रयोजनमा उपयोग हुनु,
★ उपयोगमा नरहेको कृषियोग्य जमिनलाई समुचित प्रयोगमा ल्याउन नसकिनु,
★ कृषियोग्य जमिन क्रमशः विनास हुँदै जानु,
★ कृषि उत्पादनमा असुरक्षित एवम् अनियन्त्रित रासायनिक मल तथा विषदीको प्रयोग गरिनु,
★ सकुम्बासी तथा भूमीहिनका नाममा सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्ति बढ्नु,
★ जग्गा ओगटेर बाँझो राख्ने प्रवृत्ति बढ्दै जानु,
★ जग्गाको अनियन्त्रित खण्डीकरणले कृषि उत्पादनमा ह्रास आउनु,
★ पर्यटकीय दृष्टिले महत्वपूर्ण भूक्षेत्रहरूको संरक्षण एवम् प्रवर्द्धन नहुनु,
★ बाढी, पहिरो, भूक्षय आदि प्राकृतिक प्रकोपहरू न्यूनीकरण गर्न नसकिनु,
★ भूमी उपयोग सम्बनधी एकीकृत राष्ट्रिय नीति एवम् कानुन निर्माण र कार्यान्वयन नहुनु,
★ सूचना प्रविधिमैत्री भू अभिलेख एवम् भू सूचना प्रणालीको अभाव हुनु आदि ।

**समस्या समाधानका उपायहरू**

★ सम्पत्तिको रुपमा भूमीको उपयोग गर्ने नेपाली समाजको सोचमा परिवर्तन ल्याउनुपर्ने,
★ कृषियोग्य भूमी बाँझो राख्ने व्यक्तिलाई बँझाएबापत कर लगाउने जसले गर्दा भूमी बाँझो नराखियोस्,
★ सार्वजनिक भूमीको यथार्थ लगत राखी सो भूमीलाई दीर्घकालीन रुपमा संरक्षण र सम्वर्द्धन गरिनुपर्ने,
★ कृषियोग्य भूमिको नक्सांकन एवम् पहिचान गरी यसको संरक्षणका लागि आवश्यक व्यवस्था गर्ने,
★ भूमिको महत्वको आधारमा वर्गीकरण गरी भू उपयोग योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने,
★ मौजुदा अवस्थामा उपयोगमा नरहेको उपयोगी भूमीलाई समुचित प्रयोगमा ल्याउने,
★ भूमिको खण्डीकरणलाई सुव्यवस्थित गर्दै योजनाबद्ध सहरीकरणमा जोड दिने,
★ वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने,
★ प्राकृतिक प्रकोपका दृष्टिले जोखिमयुक्त भू क्षेत्रको पहिचान एवम् नक्सांकन गरी प्रकोप न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने,
★ भू उपयोग एवम् भूमिको धान्न सक्ने क्षमताबारेमा आम जनतामा सचेतना अभिवृद्धि गर्ने आदि ।

अन्त्यमा धान्न सक्ने क्षमता सम्बन्धी मुद्दा दिगो विकासको अवधारणासँग सम्बन्धित छ, जसले बढ्दो जनसंख्यालाई नियोजित रुपमा व्यवस्थापन गर्दै पर्यावरणको दिगो उपयोग मार्फत मानव जीवनस्तरलाई दिगो बनाउने कार्यमा जोड दिन्छ । मूलतः प्राकृतिक स्रोत साधनको सीमितिकरण, जनसंख्याको तीव्र वृद्धिदर, कृषि उत्पादनमा क्रमिक ह्रास, वनजंगलको फडाँनी, फोहोरमैलाको व्यवस्थापनको अभाव, मरुभूमिकरणको वृद्धि जस्ता विषय "Carrying Capacity" सँग सम्बन्धित समस्याहरूका रुपमा रहेका छन् । माथि उल्लेखित समेतका समाधानका उपायहरू अवलम्बन गर्दै भूमि, जल एवम् प्राकृतिक स्रोतहरूको धान्न सक्ने क्षमतालाई दिगोपन दिनु आजको आवश्यकता हो ।

**(९) जैविक विविधता भनेको के हो ? जैविक विविधतामा धनी राष्ट्रको रुपमा रहेको नेपालले जैविक विविधताबाट लिनसक्ने फाइदाहरू उल्लेख गर्नुहोस् ।**

**जैविक विविधताको परिचय**

पृथ्वीमा रहेका जैविक अस्तित्वहरू जमिनमा रहने, पानीमा रहने, हावामा रहने एक आपसमा फरक फरक हुन्छन्, त्यसलाई नै जैविक विविधता (Bio-diversity) भनिन्छ । ग्रीक दर्शनिक अरस्तुले ५००-६०० प्रजातीहरूको पहिचान गरेतापनि सन् १९८० को दशकमा आएर मात्र जैविक विविधता (Bio-diversity) भन्ने शब्द प्रयोगमा आएको

Question Bank Nepal